# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गौरिशंकर गाउँपालिका

## दोलखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौरिशंकर गाउँपालिका

### दोलखा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गौरिशंकर गाउँपालिका

दोलखा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका

पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती

पत्र संख्याः २०७९।८०
च.नं. ९३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
गौरीशंकर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दोलखा ।

**कैफियत सहितको राय**

हामीले गौरीशंकर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू ४७ करोड ६१ लाख ७.१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ८.०५ लाख फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४७ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु ३ करोड १८ लाख २९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १७ करोड ७९ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २२ करोड ५५ लाख १४ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम

गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

# गौरीशंकर गाउँपालिका, दोलखा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६५ | १६३ | ४७६१७ | ० | २९ | ८० | ६५ | १३४ | ४७५३६ | ९४८ | ३१८२९ | १४७५८ | ० | ० | ४६५८७ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५९ | शिक्षकहरुको ग्रेड सम्बन्धमा प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२८ को निर्णयबाट आंशिक सम्परीक्षण गरिएको । | ६७७३४। |
| २ | ६४ | पारिश्रमिक कर सम्बन्धमा प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२७ को निर्णयबाट आंशिक सम्परीक्षण गरिएको। | ८२५३। |
| ३ | ६९ | सहभागीभत्ता सम्बन्धमा प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११ ।२८ को निर्णयबाट पूर्ण सम्परीक्षण गरिएको | ४५९०। |
| | | जम्मा | ८०५७७। |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गौरीशंकर गाउँपालिका दोलखा | १७७९७८ | ० | ० | १७७९७८ | ० | ४७,५३६ | २२५५१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: गौरीशंकर गाउँपालिका, दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Pawan Kumar Pyakurel | २०७८-९-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Bal Kumar Shrestha | २०७७-६-९ | २०७८-९-२२ |
| लेखा प्रमुख | Tulasi Ram Katel | २०७६-९-३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,५३६,५९०.७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,६५,८५,८६२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,९७,३२,६५३ | **चालु खर्च** | ४१,४८,३८,२९१.७ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०५,७९,०८३ | **पूँजीगत खर्च** | २०,६७,६१,४५३ |
| **राजश्व बाँडफाँट** | ११,३२,९४,२८० | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४६,७३,५४९ | | |
| **अन्य आय** | १३,१६,२६,५१७ | | |
| **कुल आय** | ६३,९९,०६,०८२ | **कुल खर्च** | ६२,१५,९९,७४४.७ |
| **बाँकी मौज्दात** | | ७,४८,९२,२००.५ | |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, ६८१.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ६२ जनसंख्या रहेको छ। | |
| २ | | | **आर्थिक विवरणः**<br>आर्थिक वर्ष २०७८।७९ को यस स्थानीय तहको आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५५,६१,९६,५७२.०८ | ५१,२१,७३,४३२.१९ | | ५१,२१,७३,४३२.१९ | ४५,६६,००,०७१.०९ | | ४५,६६,००,०७१.०९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५५,५१,९६,५७२.०८ | ५०,८२,७९,५६६.१९ | ० | ५०,८२,७९,५६६.१९ | ४५,१६,४५,३८१.०९ | ० | ४५,१६,४५,३८१.०९ |
| ११००० कर | ११ | १०,५६,०५,२१२.०८ | ११,३२,९४,२८०.६२ | ० | ११,३२,९४,२८०.६२ | ८,६२,३९,८७१.२९ | ० | ८,६२,३९,८७१.२९ |
| १३००० अनुदान | | ४४,७०,९१,३६० | ३९,०३,११,७३६.३१ | ० | ३९,०३,११,७३६.३१ | ३५,८९,३४,११७ | ० | ३५,८९,३४,११७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ३९,१६,५८,३६० | ३४,९७,३२,६५३.३१ | ० | ३४,९७,३२,६५३.३१ | ३०,६२,३३,८०३ | ० | ३०,६२,३३,८०३ |
| प्रदेश सरकार | १२ | ५,५४,३३,००० | ४,०५,७९,०८३ | ० | ४,०५,७९,०८३ | ५,२७,००,३१४ | ० | ५,२७,००,३१४ |
| १४००० अन्य राजस्व | | २५,००,००० | ४६,७३,५४९.२६ | ० | ४६,७३,५४९.२६ | ६४,५१,७२६.८० | ० | ६४,५१,७२६.८० |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | १९,६६६ | ० | १९,६६६ |
| ख. अन्य प्राप्ति | | १०,००,००० | ३८,९३,८६६ | | ३८,९३,८६६ | ४९,५४,६९० | | ४९,५४,६९० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १०,००,००० | ४,३८,९८७ | ० | ४,३८,९८७ | १३,७०,१४८ | ० | १३,७०,१४८ |
| धरौटी | | ० | ३४,५४,८७९ | ० | ३४,५४,८७९ | ३५,८४,५४२ | ० | ३५,८४,५४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,९७,९६,५७२.०८ | ४९,३८,६७,०९३.६९ | | ४९,३८,६७,०९३.६९ | ४०,६५,७५,५७३.७२ | | ४०,६५,७५,५७३.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,८७,९६,५७२.०८ | ४९,२४,४९,२३०.६९ | | ४९,२४,४९,२३०.६९ | ४०,२८,१३,०५०.७२ | | ४०,२८,१३,०५०.७२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८,५१,६५,००० | १६,३९,११,२३४.२३ | ० | १६,३९,११,२३४.२३ | १४,०८,९९,७१४.७३ | ० | १४,०८,९९,७१४.७३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,०३,४५,००० | ११,२२,०६,३७२.३६ | ० | ११,२२,०६,३७२.३६ | ८,१२,५४,६६२.९९ | ० | ८,१२,५४,६६२.९९ |
| २५००० सहायता (Subsidy) | १८ | १,९०,८६,००० | १,६६,९६,९२५.१० | ० | १,६६,९६,९२५.१० | २,११,८४,२१६ | ० | २,११,८४,२१६ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | १,००,००० | ० | १,००,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,१९,८६,२१२.०८ | १,१९,८४,८९८ | ० | १,१९,८४,८९८ | ७०,३२,६०१ | ० | ७०,३२,६०१ |
| २८००० अन्य खर्च | १८ | १९,००,००० | १८,३०,४५० | ० | १८,३०,४५० | १३,२३,५६४ | ० | १३,२३,५६४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,०३,१४,३६० | १८,५८,१९,३५१ | ० | १८,५८,१९,३५१ | १५,१०,१८,२९२ | ० | १५,१०,१८,२९२ |
| घ. अन्य भूक्तानी | | १०,००,००० | १४,१७,८६३ | | १४,१७,८६३ | ४०,६५,७५,५७३.७२ | | ४०,६५,७५,५७३.७२ |
| कोषहरु | | १०,००,००० | ३,६२,६३२ | ० | ३,६२,६३२ | ६,५२,४३३ | ० | ६,५२,४३३ |
| धरौटी | | ० | १०,९१,९३५ | ० | १०,९१,९३५ | ३१,१०,०९० | ० | ३१,१०,०९० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३६,७०४ | | -३६,७०४ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (५,३६,००,०००) | १,८३,०६,३३८.५० | | १,८३,०६,३३८.५० | ५,००,२४,४९७.३७ | | ५,००,२४,४९७.३७ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,६५,८५,८६२ | | ५,६५,८५,८६२ | ४०,४३,३६१.४० | | ४०,४३,३६१.४० | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (५,३६,००,०००) | ७,४८,९२,२००.५० | | ७,४८,९२,२००.५० | ५,४०,६७,८५८.७७ | | ५,४०,६७,८५८.७७ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ७,४८,९२,२००.५० | | ७,४८,९२,२००.५० | ४,५७,४२,२६६.७७ | | ४,५७,४२,२६६.७७ | |
| ३ | | | **अन्तर सरकारी अख्तियारीः** | | | | | | | | | |

| ब.उ.शि.नं. | बजेट | निकासा | खर्च |
|---|---|---|---|
| गैर आवासिय भवन निर्माण ३६५०११११४ | 5000000 | 4078763 | 4078763 |
| गैर आवासिय भवन निर्माण ३७०००११६४ | 26015000 | 12431173 | 12431173 |
| सामाजि सुरक्षा ३१४०१०१२३ | 108650712 | 106790549 | 106790549 |
| स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी कार्यक्रम ३५०००११८४ | 8107000 | 5610929 | 5610929 |
| भौतिक पूर्वाधार मन्त्रालय ३३७००००११४ | 1915000 | 1900000 | 1900000 |
| अन्य सार्वजनिक निर्माण ३०७००११४४ | 1000000 | 1000000 | 1000000 |
| जम्मा | 145687712 | 127732651 | 127732651 |

४ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृतभए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मामहालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन। यससम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

४.१ **मौज्दातः**

प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.५१ करोड २१ लाख ७३ हजार र गत वर्षको मौज्दात रु.५ करोड ६५ लाख ८५ हजार समेत जम्मा रु.५६ करोड ८७ लाख ५९ हजार र कुल भुक्तानी रु.४९ करोड ३८ लाख ६७ हजार देखाई रु.७ करोड ४८ लाख ९२ हजार मौज्दात देखिन्छ ।

४.२ **जिम्मेवारी फरक परेको:**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५ करोड ४० लाख ६७ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.५ करोड ६५ लाख ८५ हजार जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२५ लाख १८ हजार बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ।

४.३ **आय व्यय -** गाँउपालिकाले स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको समग्र एकिकृत आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार सहित खुलासा गरेको छैन।

४.४ **बैक हिसाब मिलान नगरेकोः**

स्थानीय तहसरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृतभएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ।

| खाताकोप्रकार | खाता अनुसार बाकीरु | बैंक अनुसार बाकीरु | फरक रकम |
|---|---|---|---|
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | १९३५५५७.४८ | ३३५८०९३.४ | १४२२५३५.९२ |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | १०६२९७९७ | १०७५१६८८ | १२१८९१. |
| ग २.७ विविध खर्च खाता | ७६,३५५ | ८९०१२३ | ८१३७६८. |
| ग ३.१ स्धानीय तह धरौटी खाता | ५३४८८०६ | ५५०३२७८ | १५४४७२. |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ७१८९५७५१.०२ | ८७६१९६७६.७१ | १५७२३९२५.६९ |
| बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | -१४९९४०६६ | ० | १४९९४०६६. |
| | ७४८९२२००.५ | १०८१२२८५९.१ | ३३२३०६५८.६ |

४.५ **घटी/बढी प्राप्ती**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। स्थानीय तहले यस आर्थिक बर्षमा देहाय बमोजिम प्राप्त गरेको अनुदान सम्बन्धित शीर्षकमा जम्मा नगरी घटी/बढी दाखिला गरेको पाइएकोले प्राप्त अनुदान एकिन गरी सम्बन्धित शीर्षकमा जम्मा गरी हिसाब मिलान हुनुपर्दछ।

| अनुदानको किसिम | प्राप्त रकम | शुत्रमा आम्दानी जनाएको रकम | घटी/बढी रकम |
|---|---|---|---|
| संघीय अनुदान | ३८१६१३८६० | ३४९७३२६५३।३१ | -३१८८१२२४।६९ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>प्रदेश अनुदान</td><td>४२६६६०००</td><td>४०५७९०८३</td><td>-२०८६९१७</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदान फिर्ताः<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९।४।२२ मा संघीय सरकारतर्फ रु.३११०७८५८।-र प्रदेश सरकारतर्फ रु.२११००८२।- खर्च नभई बाँकी अनुदान फिर्ता गरेको देखियो। आर्थिक वर्षको अन्त्यमा नै यस्तो बाँकी रकम फिर्ता गर्न कार्यालयले ध्यान पुर्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४६ लाख ४३ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु.५६ करोड ४० लाख ८६ हजार समेत रु.५६ करोड ८७ लाख ५९ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३० करोड ८० लाख ४७ हजार र पूँजिगत तर्फ रु १८ करोड ५८ लाख १९ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.८४ लाख ३१ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव १.८१ गुणा रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.१६ प्रतिशत चालु र ४५.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>रकमान्तरः<br>आर्थिक वर्ष ०७८।७९ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.३,५२,०१,००० रकम बराबरको ४१ योजनालाई घटाई सो बराबरको रकमवाट ९७ नयाँ योजना/कार्यक्रम तर्जुमा गरी कार्यपालिकाको पटक पटकको निर्णयले कार्यक्रम गरी र सभामा सिफारिस भई सभाको हिउँदे बैठकले स्वीकृत गरेको पाइयो। तसर्थ योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले २०७८।३।१० गते रु.५८ करोड ४५ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

९ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन।

१० **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११ **क्षेत्रगत बजेट र खर्च-**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **सि.नं.** | **क्षेत्र/उपक्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९२५५००० | २१७३०९५१ | ७४.२८ |
| २ | सामाजिकविकास | २८८५२०००० | २५०५७६११०.८१ | ८६.८५ |
| ३ | पूर्वाधारविकास | १६५४५५३६० | १२७१९९८३४ | ७६.८८ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | २७७५०००० | २०२२५५३६ | ७२.८८ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ९७८१६२१२.०८ | ७२७१६७९८.८८ | ७४.३४ |
| कुल जम्मा | | ६०८७९६५७२.०८ | ४९२४४९२३०.६९ | ८०.८८ |

बजेटको तुलनामा सबै क्षेत्रमा लक्ष्य अनुसार न्यून खर्च भएको देखिएकोले पुंजिगत खर्चमा वृद्धि गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ।

१२ **चौमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा त्रैमासिक लक्ष्य निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा नियम ३५ मा अनुसूची २ अनुसारको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च मध्ये तेस्रो चौमासिकमा मात्र कुल खर्चको ६३.२२ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २७.१५ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु. हजारमा)

| **बजेट उपशीर्षक** | **चौमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा खर्च** | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **आषाढमा** |
| पूँजीगत | १८५८१८ | ५९०८ | ६२४३८ | ११७४७२ | ५०४४६ |
| **प्रतिशत** | | **३.१८** | **३३.६०** | **६३.२२** | **२७.१५** |

१३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आःआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर वीमा गर्ने परीपाटीको विकास भएको पाईएन।<br>•प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू गरेको पाईएन।<br>•उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण गरेको पाईएन।<br>•जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सोको कार्यान्वयन भएको पाईएन।<br>•केही योजनाको लागत अनुमान तयार स्वीकृति नापी मूल्याङ्कन ठेक्का विल कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख गरेको पाईएन।<br>•भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पाईएन।<br>•उपभोक्ता समितिले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकिएको अवधि भित्र सामाजिक लेखापरीक्षण गर्नु पर्नेमा केही उपभोक्ता समितिहरुले सो वमोजिम सामाजिक लेखापरीक्षण गरेको पाइएन।<br>•निकायको आ.व. २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।<br>•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा एक कार्यक्रमको लागि पेश्की दिएपछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्की माथि पेश्की दिने गरेको पाइएकोले नियन्त्रण हुनुपर्छ।<br>•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु.२५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्पेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन।<br>•स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ ।<br>•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने देखिन्छ।<br>•खरिद संझौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा ठेक्कावाट भएका केही योजनाहरु समयमा सम्पन्न नभएको।<br>•मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।<br>•कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन।<br>•कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | •ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन।<br>•सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>•वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाईएन।<br>•पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।<br>•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• PAMS को प्रयोग भएकोमा सबै जिन्सी विवरण अद्यावधिक नभएको,<br>•गाउँपालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश आफैले स्वीकृत गर्ने गरेकोमा लगतै पछिल्लो महिनाको कार्यपालिका बैठकबाट त्यसलाई अनुमोदन गराउनु पर्नेमा नगराई वर्षान्तमा एकमुष्ठ अनुमोदन गर्ने गरेको देखियो।<br>•सवारी साधन मर्मतको अभिलेख तथा पुरानो सामानको दाखिला राखेको छैन।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ। | |
| १४ | | | **भ्रमण अभिलेखः**<br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भ्रमण खर्चमा रु.३९९३४००/- र अनुगमन तथा मुल्यांकनमा रु.१९३१०८५।- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन । नियमावलीको पालना गर्नुपर्दछ । | |
| १५ | | | **बेरुजू अभिलेखः**<br>पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ।<br>•म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत<br>•म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन<br>•म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख। | |
| १६ | | | **कार्य सम्पादनको स्वमूल्यांकनः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिष्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ । उक्त कार्यविधिको दफा ६ मा अघिल्लो आर्थिक वर्षको तथ्यांकलाई आधार मानी सूचकको अंक गणना गरी चालु आर्थिक वर्षको पौष मसान्त भित्र दफा ४ बमोजिमको स्वमूल्यांकन कार्य गरिसक्नु पर्ने र माघको पहिलो हप्ता भित्र स्वमूल्यांकनको नतिजा सार्वजिनक गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयले अघिल्लो आर्थिक वर्षमा सम्पादनगरेका कार्यको स्वमूल्यांकन गरेको छैन । कार्य सम्पादनको मूल्यांकनबाट शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विवद व्यवस्थापन एवं सहकार्य र समन्वय जस्ता क्षेत्रमा स्थानीय सरकारको कार्य सम्पादनस्तरको मापन गर्न सहज हुने भएकोले कार्यविधिमा व्यवस्था भए बमोजिम स्वमूल्यांकन कार्य गर्नेतर्फ ध्यान जानु आवश्यक छ। | |
| १७ | | | **कानून निर्माण र कार्यान्वयन :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयका ऐन तथा सोको अधिनमा रहि नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु समेत बनाइ उपलब्ध गराएको छ। यस पालिकाले २ वटा कार्यविधि र २ वटा नियमावली बनाएको छ। | |
| १८ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार यस गाउँपालिकामा गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ रहेको र यस बर्ष विभिन्न विषयका २ समेत कुल ५ विवाद दर्ता भएकोमा १ फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १९ | | | **चौमासिक प्रगती**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था छ। त्यस्तै उपदफा (५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले चौमासिक अवधि समाप्त भएपछी कानूनमा व्यवस्था भए बमोजिम प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको देखिएन। | |

<table>
<tr><td>२०</td><td></td><td></td><td>सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा नआएको<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्नयस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणालीपुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिन्सी अभिलेख<br>गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा १४ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सफ्टवेयरको प्रयोग गरी प्राप्त मालसामानहरु दाखिला गर्ने व्यवस्था मिलाएकोमा वडा कार्यालय तथा विषयगत कार्यालयहरुमा आम्दानी जनाएको मालसामानहरु सफ्टवेयरमा प्रविष्टि गरेको छैन। कार्यालयबाट भुक्तानी भएका केही मालसामान कार्यालयले सञ्चालनमा ल्याएको जिन्सी व्यवस्थापन प्रणालीमा प्रविष्टी नगरी म्यानुअल जिन्सी दाखिला प्रतिवेदन पेश गरेको छ। कम्प्यूटरकृत जिन्सी व्यवस्थापन प्रणालीमा दाखिला नभएकोले उक्त सामानहरु कार्यालयको एकिकृत अभिलेखमा समावेश नहुने हुँदा कम्प्यूटरकृत प्रणालीमा प्रविष्टी भएको प्रमाण पेश हुन पर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कोभिड राहत<br>कोभिड-१९ को महामारीवाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ अनुसार कोभिड-१९ को महामारी नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको कारणवाट भइरहेको पेश, व्यवसाय वा श्रम गर्ने अवसर गुमाई आर्थिक रुपमा अतिविपन्न परिवारलाई राहत स्वरुप प्रति परिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने र उक्त रकम लाभग्राहीको बैक खातामा जम्मा गर्ने व्यवस्था गरेको छ। पालिकाले देहाय बमोजिम वडाहरुवाट नामावली संकलन गरी लाभग्राहीको बैक खातामा राहत रकम जम्मा नगरी नगदै वितरण गरेको पाइयो। कार्यालयले कार्यविधि अनुसारको कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।
<table>
<tr><th>वडा नं</th><th>लाभग्राही संख्या</th><th>राहत वितरण रकम</th></tr>
<tr><td>१</td><td>४७</td><td>४७००००</td></tr>
<tr><td>२</td><td>४७</td><td>४७००००</td></tr>
<tr><td>३</td><td>४७</td><td>४७००००</td></tr>
<tr><td>४</td><td>४७</td><td>४७००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ५ | ६४ | ६४०००० |
| ६ | ४७ | ४७०००० |
| ७ | ४७ | ४७०००० |
| ८ | ४७ | ४७०००० |
| ९ | ४७ | ४७०००० |
| जम्मा | | ४४०००००० |

२३

**आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता सम्बनधी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा कार्यपालिका निर्णय अनुसार औषधी उपचार, किरिया खर्च, दैविक प्रकोप पिडित लगायतका आर्थिक सहायता बापत रु.३२३४०२०/- वितरण गरेको देखियो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२४

**खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु.१४५०७०१/- खर्च गरेको छ । यस्तो खर्च लेख्दा पुष्टाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२५

**प्रकोप व्यवस्थापन कोषको रकम सुत्रमा प्रविष्टि बेगर खर्च**

८०४,२२०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६९२० मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा पालिकाले प्रकोप व्यवस्थापन कोषमा भएको देहाय बमोजिम आम्दानी खर्च सुत्रमा प्रविष्टि नगरी कारोबार गरेको हुदा उक्त कारोबारलाई सुत्रमा प्रविष्टि गरी हिसाव मिलान गर्नुपर्ने रु

| गतको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|
| १०३९२३३।७३ | १२९४१ | १०५२१६४।७३ | २४७९४४ | ८०४२२०।७३ |

<table>
<tr><td>२६</td><td></td><td></td><td>पदपुर्तीः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा करारमा राखी कार्य गरेको छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद बाहेकको सहायक इन्जिनियर १, सहायक सव इन्जिनियर १ र कार्यालय सहायक ४ गरी ६ जना करार नियुक्ति गरी बर्षभरीमा निजहरुको तलब भत्ता सुविधा बापत रु.२५५२२५०/- भुक्तानी गरेकोले उक्त खर्च ऐनसम्मत नदेखिएको रु.</td><td>२,२५२,<br>२५०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>अवकाश कोषः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याणकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकावाट उक्त कोषको संचालन सम्बन्धी कुनै ऐन, कानून, कार्यविधिको व्यवस्था भएको देखिएन।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>१५ शैयाको सुरी अस्पताल निर्माण ठेक्का (GRM/Works/14-2077/78) मा गाउँपालिकाको थप खर्चः<br>संघीय सरकारको लागत साझेदारी रहने गरी मिति २०७८०/०३/३० भित्र मू.अ.कर सहित रु.१३,००,७४,६५५। लागतमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री सुनकोशी/त्रिशुली लाफा जे.भी. संग मिति २०७८/०३/१० मा खरिद सम्झौता भई मोबिलाईजेशन पेश्की समेत भूक्तानी सहित निर्माण कार्य भईरहेको योजना गाउँपालिकाले ठेक्का सम्झौता बाहेक निम्नानुसार थप खर्च गरेको छः
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th><th>कुल कार्यमूल्याङ्कन रु.</th></tr>
<tr><td>१९३</td><td>पि.एच.सी.को माटो व्यवस्थापना उ.स.</td><td>३१७००००</td><td>३५३०८७२</td></tr>
<tr><td>४६८</td><td>पि.एच.सि. ग्याविन जाली लगाउने उ.स.</td><td>३६९७४००</td><td>४३०२९०१</td></tr>
<tr><td></td><td></td><td>६८६७४००</td><td>७८३३७७३</td></tr>
</table>
यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः<br>निर्माण कार्यको खरिद सम्झौता भइ कार्य शुरु भइसकेको कार्यक्रममा उल्लेखित माटो डिस्पोजलको आईटम स्वीकृत DPR र सम्झौताको BoQ मा नभएको र तारजाली सहितको ग्याविनको कार्य पूर्वानुमान गर्ने नसकिएको व्यहोरा जनाई कार्यालयले थप खर्च गरेको देखिन्छ। उक्त ठेक्काको आ.व. २०७७/७८ मा खरिद सम्झौता सम्पन्न भइसकेको पाईएको हुँदा लेखापरीक्षणको क्रममा आयोजनाको विस्तृत प्रतिवेदन र सम्झौताको अध्ययन गर्ने अवस्था रहेन। यस आधारमा आयोजनाको विस्तृत प्रतिवेदन पूर्ण र स्तरीय नभएको र आवश्यक अध्ययन बेगर सोही प्रतिवेदनलाई कार्यालयले स्वीकार गर्नु उचित देखिएन । शुरु BoQ मा छुट हुन गएको र शुरु सम्झौतामा पूर्वानुमान गर्न नसकिएको थप कार्यको सम्बन्धमा कार्यालय भेरियशन</td><td>६,८६७,<br>४००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आदेश जारी गरी वार्ताको माध्यमबाट घटी कबोल प्रतिशतलाई आधार मानि सोही निर्माण व्यसायी बाट प्रतिस्पर्धी मूल्यमा कार्य गराउनु पर्नेमा दुई वटा फरक फरक निर्माण उपभोक्ता समिति खडा गरी खर्च गर्नु नियमसंगत नदेखिएको रु. | |
| २९ | | | **निजी आवास पुननिर्माण अनुदान पालिकाबाट भुक्तानीः**<br>भुकम्प पिडितहरुको लागी नेपाल सरकारले संचालन गरेको निजि आवास पुननिर्माण कार्यक्रममा लाभग्राही सूचीमा छुट भएका हरुको लागि भनि निजी आवास पुनःनिर्माण कार्यक्रममा गाउँपालिकाले रु.४५,०००,००।- लाख विनियोजन गरी बिभिन्न १८ जनालाई रु.३७,६५,०००। भुक्तानी गरेको छ। संघीय सरकारले भुकम्पबाट पूर्ण रुपमा क्षति भएका आवास पुननिर्माणमा अनुदान दिने गरी अनुदान वितरण कार्यविधि, २०७२ जारी गरी उक्त कर्यविधी अनुसार पहिलो र दोस्रो चरणमा स्थालगत रुपमा लगत संकलन कार्य सम्पन्न गरेको छ। उल्लेखित दुई चरणमा समेत छुट हुन गएको भुकम्प पिडितहरुको लागि "छूट तथा पुनः जाँच सर्वेक्षण कार्य संचालन सम्बन्धी कार्यविधी, २०७५ मा स्थलगत रुपमा प्राविधिक खटाई, सम्बन्धित पक्षहरुको रोहबरमा गुनासो फाराम भर्ने व्यवस्था गरी कोही नछुटने अभियान सहित नेपाल सरकारले कार्यक्रम संचालन गरेको अवस्थामा लाभग्राहीको सुचीमा भुकम्प पिडितहरुको नाम छुट भएको भन्ने व्यहोरा तथ्यपरक देखिदैन। लाभग्राहीको नामावलीमा छुट भएकै हो भने पालिकाले संघीय सरकारसँग आवश्यक समन्वय र सिफारिश गर्नु पर्नेमा पालिकाको बजेटवाट निजि आवास पुनःनिर्माणको कार्यक्रममा गरेको खर्च अनियमित देखिएको रु... | ४,५५१,<br>२४६ |
| ३० | | | **मालसामान खरिदमा ओभरहेडः**<br>सार्वजनिक खरिद ऐन, २०६३ मा निर्माण कार्यमा बाहेक मालसामान, परामर्श सेवा वा अन्य सेवाको खरिद कार्यमा १५ प्रतिशत ओभरहेड पाउने स्पष्ट व्यवस्था गरेको देखिदैन। पालिकाले देहायको मालसामानहरु खरिद गर्दा लागत अनुमानमा १५ ओभरहेड समेत समाबेश गरेको पाईएको हुँदा दिन मिल्ने नदेखिएको रु. | ७८६,२<br>४६ |

| ठेक्का नं. | योजनाको नाम | स्वीकृत लागत अनुमान रु. | स्वीकृत BoQ तथा लागत अनुमानमा समाबेश भएको ओभरहेड रकम | खरिद सम्झौता रकम रु. | सम्झौता रकम अनुसारको आनुपातिक ओभरहेड |
|---|---|---|---|---|---|
| GRM/NCB/Goods/01-2078/79 | Supply and delivary of Gabion box | ३०,१३,३०३ | ३९३०४१ | २३०३३९२ | २९८७१२ |
| GRM/NCB/Goods/02-2078/79 | Fabrication of steel parts and Supply up to road head of Tasinam dhendu danda Trail Bridge and Changkhu barukhare Trail Bridge. | २२२४४७२ | २९५२८४ | २१३३९२४ | २८३२६६ |
| GRM/NCB/Goods/024-2078/79 | Supply, Delivery, Installation and Erection of MS Plole | २५६७६९२ | २९६३८५ | १७६९४८१ | २०४२६८ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>७८६२४६</td></tr></table> | |
| ३१ | | | **पालिका प्रशासनीक भवन निर्माण ठेक्का (Works/13-2077/78) को भेरिएशनः**<br>सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्बानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यन्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारि गर्न सक्ने व्यवस्था रहेको छ। साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरियसन जारी गर्दा प्राविधिक पुष्टयाई समेत पेश गर्नुपर्ने व्यवस्था छ। वर्ष २०७७/७८ मा ठेक्का सम्झौता भई तोकिएको अवधिमा सम्पन्न हुन नसकि म्याद थपबाट यस बर्ष निर्माण व्यवसायी श्री जटापोखरी कन्स्ट्रकसन प्रा.लि. लाई अन्तिम विल बिल भुक्तानी भएको छ । रु.६२,५४,९४६।७९ मा सम्पन्न गर्ने गरी शुरु सम्झौता भएकोमा भेरियशन आदेश जारी गरी रु.६३,७६,७५५।०९ लागत कायम हुने गरी कार्यालय प्रमुखबाट स्वीकृत गरेको छ । जस अनुसार भेरियसनवाट रु.१,२१,८०८।- अर्थात १.९५ प्रतीशत थप भएको छ । कार्यालयले शुरु लागत अनुमानको परिमाण भन्दा पछी काम गर्दा केही आईटमहरुमा थपघट हुन गएको आधार पेश गरी भेरियशन जारी गरेकोमा शुरु नापि तथा लागत तयार गर्दा नै पर्याप्त अध्ययन गरेर तयार गर्नु पर्ने देखिन्छ। | |
| ३२ | | | **हलेश्वल प्रा.वि. भवन निर्माण ठेक्का (GRM/Works/8-2078/79) को सक्कल बिलः**<br>संघीय सरकार सशर्त पूँजीगत शिर्षकबाट लागत व्यहोर्ने मिति २०७९/०३/१५ भित्र मू.अ.कर सहित रु.८८,४७,७६६। लागतमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री सुनकोशी/त्रिवेणी लाफा जे.भी. संग मिति २०७८/१२/११ मा खरिद सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ; | |
| ३२.१ | | | निर्माण व्यवसायी श्री सुनकोशी/त्रिवेणी लाफा जे.भी. संग खरिद सम्झौता भऐकोमा रु.८८,४७,७६६। को प्राविधिक मुल्याङकन अनुसार गो.भौ.नं. १५५-१०७९/०३/२४ बाट श्री हलेश्वर प्रा.वि. लाई भूक्तानी भएको छ। गाउँपालिका योजना कार्यान्यवयन गर्ने निकाय भएको र सो आधारमा खर्चको सक्कल बिल भरपाई लेखापरीक्षणको क्रममा पेश हुन नआएको भनि प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लेख गरिएकोमा मस्यौदा उपर छलफलको क्रममा रु.८७७०५०६।- को सक्कल बील भरपाई विद्यालयवाट पेश हुन आएकोले नपुग विल भरपाई रु.७७२६०।- सम्बन्धित विद्यालयवाट असुल गरी दाखिला हुनुपर्ने रु | ७७,२६० |
| ३२.२ | | | नियमावलीमा भएको व्यवस्था अनुसार कार्यसम्पादन जमानत पेश भए पश्चात मात्र खरिद सम्झौता गर्नुपर्दछ। साथै पेश भएको कार्यसम्पादन जमानतको यथार्थताको लागि जारी गर्ने बैंकलाई समेत आवश्यक भएको थप प्रमाण माग गर्नु पर्ने हुन्छ तर तर यस कार्यालयले रु.२१,८७,३४०।- को फोटोकपि कार्यसम्पादन जमानत पत्रको आधारमा खरिद सम्झौता गरेको देखिन्छ। कार्यसम्पादन जमानतको सक्कल प्रति पेश गर्नु पर्ने रु. | २,१८७,३४० |
| ३३ | | | **अधुरो निर्माण ठेक्का GRM/NCB/Works/1-2078/79):** | |

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता अन्त्य सम्बन्धी र खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपुर्ति असुल सहित म्याद थप गरी सम्झौता अनुसारको कार्य गाराउने सम्बन्धी व्यवस्था रहेको छ। त्यसै गरी सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) म्याद थप सम्बन्धी व्यवस्था रहेको छ।<br>गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवनको बांकि कार्य मिति २०७८/११/३० भित्र मू.अ.कर सहित रु.१,१४,३१,६४३। लागतमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री बालकोट/जटापोखरी जे.भी. संग मिति २०७८/०८/०७ मा खरिद सम्झौता भएकोमा गाउँपालिकाको निर्णयवाट २०७९ साल जेठ मसान्तसम्म म्याद गर्दा समेत कार्यसम्पन्न नभई अधुरो रहेको पाईयो। हाल रु.४०,७८,७६३। भुक्तानी भएको अर्थात ३५.६८ प्रतिशत मात्र वित्तीय प्रगती भएको देखिन्छ। तोकिएको अवधिमा कार्यसम्पन्न नभएको सम्बन्धमा पालिकाले खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार आवश्यक निर्णय गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>बिमा तथा गुणस्तर परीक्षण बेगर भुक्तानीः<br>कार्यालयको कार्यान्वयन गरेको विभीन्न निर्माण ठेक्काहरुमा PS Item अन्तर्गत निर्माण सामाग्री तथा कामदारको बिमा, सूचना पाटी, Quality Test लगायतको आईटमहरु समाबेश गरी खरिद सम्झौता गरेको र आयोजना शुरु अगावै बिमा गर्नु पर्ने र कार्यसम्पन्न पश्चात अनिवार्य Quality Test को प्रतिवेदन पेश पश्चातमात्र भुक्तानी गर्नु पर्नेमा निर्माण व्यवसायीले PS Item मा खर्च नगरेको भनि सो बाहेकको कार्यको मूल्याङ्कन गरी फाइनल विल भुक्तानी भएको छ। कार्यालयले भूक्तानीको आधारमा मात्र कामदारको सुरक्षासँग जोडिएको बिमा र निर्माणको गुणस्तर आश्वस्ततासँग सम्बन्धी गुणस्तर परीक्षण प्रतिवेदन बेगर फाइनल बिल निर्माण कार्यसम्पन्न गर्नु उचित देखिएन। कार्यालय यस तर्फ गम्भिर हुनु पर्दछ। केही उदाहरणः
<table>
<tr><th>ठेक्का नं.</th><th>योजनाको नाम</th><th>शुरु सम्झौता अनुसारको PS Item को रकम</th><th>निर्माण व्यवासायलाई भूक्तानी</th></tr>
<tr><td>GRM/Works/02-2078/79</td><td>चमार जयन्तिपुर सडक</td><td>८५००००</td><td>कार्य नगरेको</td></tr>
<tr><td>GRM/Works/03-2078/79</td><td>मार्बु चंखु सुरी गाउँपालिका सडक</td><td>७५०००</td><td>कार्य नगरेको</td></tr>
<tr><td>GRM/Works/04-2078/79</td><td>सुरी चेर्दुङ पर्यटन सडक</td><td>७५०००</td><td>कार्य नगरेको</td></tr>
<tr><td>GRM/Works/07-2078/79</td><td>छ्यारछारे खानेपानि आयोजना</td><td>३५०००</td><td>कार्य नगरेको</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>क्रमागत योजनाको कार्यान्वयनः<br>गाउँपालिकाले प्रदेश पुरक अनुदान सहितको बजेटको व्यवस्था गरि क्रमागत रुपमा प्रत्येक बर्ष एकै योजनाहरु संचालन गर्दै आएको देखिन्छ। यसरी प्रत्येक बर्ष बजेट विनियोजन गरि Road Upgrading कोकार्यगर्नेगरिएकोमा कतिपय आईटमहरु प्रत्येक बर्ष कार्य हुँदै आएकोमा सम्बन्धमा कार्यमा दोहोरोपना हुन सक्ने देखिएको छ। पालिकाले आन्तिरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर कार्यमा गुणस्तर र खर्चमा पारदर्शिता सुनिश्चत गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><td>३६</td><td></td><td></td><td>जग्गा खरिदः<br>जग्गा प्राप्ती ऐन, २०३४ ले सरकारी कार्यालय, विद्यालय, अस्पताल जस्ता सार्वजनिक निकायहरुले सार्वजनिक कामको लागि जग्गा प्राप्ति गर्दा निशुल्क रुपमा जग्गा दान गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुको खोजि गर्नु पर्ने सोको लागि आवश्यक परे सार्वजनिक सूचनाबाट अनुरोध गरेर निःशुल्क रुपमा जग्गा प्राप्त गर्नु पर्ने मनसाय राखेको छ। उपर्युक्त माध्यमबाट जग्गा प्राप्त गर्न नसकिएमा प्रमूख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको मुआब्जा निर्धारण समितिले कायम गरेको दरको आधारमा जग्गाको मूआब्जा भुक्तानी गर्नु पर्ने हुन्छ। गाउँपालिकाले दहायको विद्यालहरुको लागि जग्गा खरिद गरेको व्यहोरा जनाई देहाय अनुसार भुक्तानी गरेको सम्बन्धमा निशुल्क रुपमा जग्गा प्राप्त गर्न आवश्यक पहल गरेको देखिएन भने मुअब्जा समितिको निर्णय बेगर जग्गा खरिद गरेको छ। साथै जग्गाको लागत कायम गर्ने सम्बन्धमा कुनै आधार बेगर लमसममा भुक्तानी गरेको खर्च नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>जग्गाको क्षेत्रफल</th><th>साविक जग्गा धनिको नाम</th><th>जग्गाको खरिद रकम रु.</th></tr>
<tr><td>१३१</td><td>श्री टासिनाम आ.वि.-९ को लागि जग्गा खरिद</td><td>४ रोपनी</td><td>श्री रामकुमार गुरुङ</td><td>९७५०००</td></tr>
<tr><td>२४६</td><td>श्री हलेश्वर मा.वि.-५ को लागि जग्गा खरिद</td><td>१९.५७ रोपनी</td><td>श्री झल्लाप लामा, साङ्देन लामा र याङ्डोल लामा</td><td>१९१००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८८५०००</td></tr>
</table></td><td>२,८८५,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>ठेक्काको कार्य अन्तर्गत माटो खन्ने कार्य मानिसबाटः<br>चमार जयन्तिपुर सडक GRM/Works/02-2078/79 को स्तरउन्नती तथा विस्तार कार्यको शुरु BoQ तथा लागत अनुमान तयारी गर्दा Roadwar Excavation को कार्य ७९७.५० घ.मि. मानिसबाट गर्ने गरी प्रति घ.मि. रु.५३८.९४ को दरले रु.४,२९,८१०। लागत कायम गरिएको छ । ठेक्का पृकयाबाट भएको कार्यमा सामान्यतया एक्साभेटर मेशिनबाट सडक विस्तारको कार्यहरु गरिने हुन्छ । उक्त कार्यमा मेशिन प्रयोग दर बिश्लेषण अनुसार प्रति घ.मि. रु.१३६.४५ को दरले रु.१,०८,८१७। को मात्र शुरु लागत कायम हुने र सोही अनुसार प्रतिस्पर्धी मूल्यमा सम्झौता हुने देखिएको रु.३,२०,९९३। लागत अनुमानमा बढी हुन गएको छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रदेश समपुरक र बिशेष अनुदानको कन्टिन्जेन्सीः<br>बागमती प्रदेश सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ ले २ प्रतिशत भन्दा बढी र समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ ले ३ प्रतिशत भन्दा बढी कन्टिन्जेन्सी कट्टा गर्न नमिल्ने व्यवस्था गरेकोमा पालिका देहायको समपुरक र विशेष अनुदानमा संचालित योजनाहरुमा ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गर्दा देहाय अनुसार बढी कन्टिन्जेन्सी रकम कट्टा हुने गरी लागत अनुमान तयार भएको छ । यसमा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| ठेक्का नं. | योजनाको नाम | प्रदेशको अनुदान | अनुदानको प्रकार | ३ प्रतिशतले हुने कन्टिन्जेन्सी | बढी कट्टा भएको कन्टिन्जेन्सी |
|---|---|---|---|---|---|
| GRM/Works/02-2078/79 | चमार जयन्तिपुर सडक | ७५०४००० | प्रदेश समपुरक | १९९२२२ | ६६४०८ |
| GRM/Works/03-2078/79 | मार्बु चंखु सुरी गाउँपालिका सडक | १०००००० | प्रदेश समपुरक | २६५४८६ | ८८५९६ |
| GRM/Works/04-2078/79 | सुरी चेर्दुङ पर्यटन सडक | ५०३०००० | प्रदेश समपुरक | १३३५४० | ४४५१३ |

३९

**ठेक्का व्यवस्थापनः**

सार्वजनिक निकायले निर्धारीत समयमा सार्वजनिक निर्माण तथा खरिद कार्य सम्पन्न गर्न लागत अनुमान तयारी देखि खरिद कार्य सम्पन्न गर्ने कार्य समेत प्रथम चौमासिक अवधीमा समाप्त गर्नुपर्ने हुन्छ। गाउँपालिकाले यस बर्ष निर्माण तर्फ १२ वटा बजेट तथा कार्यक्रमहरु बोलपत्रको माध्यमबाट संचालन गरेकोमा पहिलो चौमासिकमा २,दोस्रो चौमासिकमा ८ र तेस्रो चौमासिकमा २ वटा ठेक्का सम्झौता गरेको छ। बार्षिक खरिद गुरु योजना बनाई पहिलो चौंमासिक भित्र ठेक्का बन्दोबस्त गरिसक्ने र बर्षान्तको समय अगाबै सम्झौता अनुसारको कार्य गरी बजेट तथा योजना कार्यान्वयन गर्नुपर्दछ। उल्लेखित ठेक्काहरु मध्ये १० वटा ठेक्का तोकिएको अवधिमा र २ वटा ठेक्काहरु म्याद थप पश्चात सम्पन्न भएको देखिन्छ।

४०

**कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः** ९,५९८,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र कार्यालयले गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समिति मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु..... ७३०

| गो.भौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ११-०78/०६/१९ | महिला भवन पहिलो तला पार्टिसन तथा व्यवस्थापन उ.स. | पार्टिसन र सौर्य हिटर खरिद तथा जडान | १५३५००० |

| | | | |
|---|---|---|---|
| ५६,१४३-078/११/१६ | गाउँपालिका घेराबार तथा पालेघर निर्माण उ.स. | कम्पाउण्ड वाल र एङ्गल पोष्ट सहितको तारजाली खरिद तथा जडान | ४०००००० |
| २८२ | ४ नं. वडा कार्यालय कम्पाउण्ड वाल निर्माण उ.स. | स्टोन मेशनरी र सोलिङ | ६५००००० |
| १६,४०९,४५७ | कुल बहादुर स्मृति भवन निर्माण उ.स.१ | अघिल्लो बर्षको निर्माण कार्यको निरन्तरता | ३४१३७३० |
| जम्मा | | | ९५९८७३० |

वडा कार्यालय तथा अन्य सामुदायिक भवनहरुको निर्माण स्थानीय श्रम सीप र औजारबाट मात्र कार्य गर्न सम्भव नहुने खालको सुपरस्ट्रचरको कार्य भएकोले पालिकाले बोलपत्र प्रस्तावबाट योग्य र अनुभवी निर्माण व्यवसायीबाट निर्माण गराउन पर्नेमा उपभोक्ता समतिबाट कार्य गराउनु उपर्युक्त देखिएन। यसरी योग्यता र अनुभवको कमि रहेको उपभोक्ता समितिबाट गराएको कार्यमा निर्माण पछिको जवाफदेहिता तथा गुणस्तरमा समेत सम्झौता गर्नु पर्ने अवस्था सृजना भएको छ।

४१

**आवश्यक परिमाण मिलान नगरी भुक्तानीः**

(५६,१४३-०७८/११/१६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिका घेराबार अन्तर्गत Brick Masonary को कुल परिमाणमा एङ्गल पोष्ट (MS Pipe) को जगमा प्रयोग भएको PCC को परिमाण घटाई छुट्टै PCC को परिमाणको लागत गणना गर्नु पर्नेमा एकमुष्टमा Brick Masonary को परिमाणको मात्र कार्यमूल्याङकन गरेको संलग्न प्राविधिक नापि किताब तथा कार्यमूल्याङ्कन बाट देखिन्छ । कुल ११६ वटा एङ्गल पोष्ट जडान भएकोमा प्रति पोष्ट ०.०२७ घनमिटरको दरले ११६ वटाको ३.१३२ घनमिटर PCC को कार्य कुल ४८.८२ घनमिटर Brick Masonary को परिमाणमा घटाई ३.१३२ घनमिटर PCC को थप मूल्याङ्कन गर्नु पर्नेमा नगर्दा प्रति घ.मि. पिसिसिको रु.१४३०७.०३। सट्टामा प्रति घ.मि. Brick Masonary को रु.२१६५०.८८। ले मूल्याङ्कन हुन गई प्रति घ.मि. रु.७३४३.८५। को दरले ३.१३२ घ.मि. को रु.२३,०००। बढी भुक्तानी भएको असूल गर्नु पर्ने रु.

२३,०००

४२

**नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका गो.भौ.नं. बाट उपभोक्ता समितिलाई भूक्तानी गर्दा संलग्न विजककर्तालाई मू.अ.कर रु.४२,४८३।- समेत रु.३,६९,२७५।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको देखिएको हुँदा दाखिला गरी कर समयोजन प्रमाण पेश गर्नुपर्ने रु.

४२,४८३

| गो. भौ. नं. | फर्म/ आपूर्तिकर्ताको संलग्न विल | प्यान नं. | जारी गरेको बिजक नं. | भुक्तानी/ बिजक रकम रु. | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६८ | पांचपोखरी निर्माण सेवा | ६०४२९६०४६ | ०९ | १८९२७५ | २१७७५ | २०७८ भदौ |
| ३७० | सिङ्गटी कन्स्ट्रकसन | ६०५९११९७१४ | १२ | १८०००० | २०७०८ | २०७८ जेठ |
| **जम्मा** | | | | **३६९२७५** | **४२४८३** | |

४३

**बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच भएको वास्तविक कामको परिमाणको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं. १८६-२०७८/११/२६ बाट जुके केशरी छेसाखारे थम्बु सडक मर्मत उ.स.,-८ लाई रु.५,९०,०००। भुक्तानी हुँदा संलग्न नापि किताव अनुसार तारजाली सहितको ग्यविन (१.५×१×१) १४ बक्स प्रयोग भएको देखिदा उक्त परिमाण अनुसार जम्मा २१ घनमिटर ढुङ्गा भरेको मूल्याङ्कन हुनु पर्नेमा २२.५ घ.मि. मूल्याङ्कन हुँदा बढी मूल्याङ्कन भएको प्रति घ.मि. र.२,७३६.०३। को दरले १.५ घ.मि. को रु.४,१०५।- असूल गर्नु पर्ने रु.

४,१०५

४४

**हेभी मेसिन प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः

| गो.भौनं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम रु. | कुल मूल्याङकन रकम | मेशिन प्रयोगको मू.अ.कर विल |
|---|---|---|---|---|---|
| ११५,२९५ | जगतफेदी टासिनाम सडक नि.उ.स.-९ | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु. ५०००००० | रु.५५६०७७६ | रु.५५००००० |
| ३५० | फाक्ची सडक नि.उ.स.-८ | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु.९००००० | रु.१०००६४७ | रु.१००१६२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७३ | खारे जामुने केसरी छेसाखारे थारवालिङ सडक नि.उ.स.८ | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु.६२५००० | रु.६८९५३५ | रु.६३४८७५ |
| १०४ | नार्दिङ हनुमन्तेश्वर सडक नि.उ.स. | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु.१०००००० | रु.१११६६९५ | रु.१११६७२५ |
| ३४८ | कोपलाङ निस्दीङ कृषि तथा पर्यटन सडक नि.उ.स. | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु.९००००० | रु.११२५३३५ | रु.१११३०५० |
| ३७० | केबर भस्मे सडक नि.उ.स. | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रु.७५०००० | रु.८२५५४० | रु.८३६३७९ |
| २१७ | बरपिपल दारेगौडा सयले सडक नि.उ.स. | Roadway Excavation in all type of soil & rock by Excavator Machine | रू.६५०००० | रु.७२३६९५ | रु.७२३५४२ |

४५ **पुँजीगतबाट अन्य संस्थाको सोधभर्नाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निरवारणमा प्रत्यक्ष योगदान गर्ने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन सिपको अधिकतम प्रयोग भई लागत कम लाग्ने, लैङ्गिक समानत र सामाजिक समाबेशीकरण अभिवृद्वी हुने तथा दिगो विकासमा सघाउ पुग्ने बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । जसबाट पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नगरपालिकाले आम जनताको प्रत्यक्ष लाभ र उपयोग सँग प्रत्यक्षरुमा नजोडिएको तथा सार्बजनिक हित तथा सेवामा योगदान गरेको बिगतको अनुभव र आगामि दिनहरुमा सार्बजनिक रुपमा सेवा उपलब्ध गराउने सुनिश्चित नभएको बिभिन्न संस्थाहरुलाई बिभिन्न शिर्षकमा भुक्तानी गरेको देखिन्छ । पालिकाले सार्बजनिक हित र सेवाको सुनिश्चतता बेगरको संस्था तथा कार्यक्रमहरुमा वजेट विनियोजन गरी खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

४६ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **योजना छनौट**<br>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुँदा नम्बर. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।<br>क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने<br>ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने<br>ग) जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने<br>घ) स्थानीय सहभागिता जुट्ने स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने<br>ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने<br>च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने<br>छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ज) दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने आदि ।<br>वार्षिक योजना तथा वजेट तयार गर्दा दिग्दर्शनमा उल्लेखित व्यहोराको पालना गरेर मात्र संचालन गर्नुपर्दछ । | |
| ४८ | | | **डोर हाजिरी फाराम नियन्त्रण खाता**<br>कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.५११ राख्ने गरेको छैन भर्ने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को, कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अवस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी माग फारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| ४९ | | | **योजनागत लक्ष्य प्रगति**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका पालिकास्तरी तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसबाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा पालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन। नियमावलीले तोके वमोजिमको ढाँचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने पर्दछ । | |
| ५० | | | **साना तथा टुक्रे कार्यक्रमः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बाषिर्क योजना २०७८।७९ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । गाउँपालिकाले रु.५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ। यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक मानवीय साधनहरुको लागतको | |

तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ। अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ।

| रु २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्म | रु ५ लाख देखि १० लाख सम्म | रु १० लाख बढीका | जम्मा |
|---|---|---|---|---|
| ७७ | ७१ | २१ | ४६ | २१५ |

५१ **पदाधिकारी भ्रमणः** ११५,२००

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा ७ मा दैनिक तथा भ्रमण भत्ता सम्बन्धि व्यबस्था छ।सो दफाको उपदफा ३ मा भ्रमण गर्दा तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष\प्रमुखको हकमा स्वयंमले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यापालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारीको निम्न समयमा तीन दिन भन्दा बढी दैनिक तथा भ्रमण भत्तामा कार्यापालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गरेको देखिएन।

| **पद** | **नाम** | **भ्रमण गर्ने स्थान** | **मिति** | **दिन** | **रकम** |
|---|---|---|---|---|---|
| अध्यक्ष | सोयम ब. खड्का | काठमाण्डौ | २०७८।४।११-१८ | ८ | ११६००।०० |
| | | काठमाण्डौ | २०७८।४।२८-५।३ | ८ | ११६००।०० |
| | | चरिकोट | २०७८।५।१३-१६ | ४ | ५२००।०० |
| | | काठमाण्डौ | २०७८।५।१७-२३ | ७ | १००००।०० |
| | | धुलिखेल | २०७८।६।३-९ | ७ | १००००।०० |
| | | काठमाण्डौ | २०७८।८।८-१४ | ७ | १००००।०० |
| | | काठमाण्डौ | २०७८।८।१६-२२ | ७ | १००००।०० |
| | | चरिकोट | ०७८।९।३-६ | ४ | ५२००।०० |
| | | काठमाण्डौ | ०७८।९।१४-२० | ७ | १००००।०० |
| | | हेटौडा | ०७८।९।२८-१०।४ | ७ | १००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | काठमाण्डौ | ०७८।१०।११-१०।७ | ७ | १००००।०० |
| | | काठमाण्डौ | ०७८।११।४-११।११ | ८ | ११६००।०० |
| **जम्मा** | | | | | **११५२००।००** |

५२ **करारका कर्मचारीलाई अतिरिक्त भत्ता** ७६०,०४०

सामान्य प्रशासन मन्त्रालयको च.नं २१७ मिति २०७४।१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकर मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिलाई मात्र आर्थिक वर्ष २०७४।७५ वाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा कार्यालयले देहायका दरबन्दी भित्र रहेका पदमा करारमा भर्ना गरी निजहरुलाई स्थायी कर्मचारी सरह महंगी र स्थानीय भत्ता भुक्तानी गरेको पाइयो। यसरी कर्मचारीले पाउने सुविधा सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित महंगी र स्थानीय भत्ता भुक्तानी गरेको रकम अनियमित रु.

| सि.नं | पद | नाम, थर | महंगी/स्थानीय भत्ता | अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ना.प्रा.स. | जिवन शर्मा रिमाल | २००० | १२ महिना | २४००० |
| २ | ना.प्रा.स. | कमला तामाङ | २००० | १२ महिना | २४००० |
| ३ | ना.प.से.प्रा. | दिपक खड्का | २००० | १२ महिना | २४००० |
| ४ | ना.प.से.प्रा. | निरन्जन खड्का | २००० | १२ महिना | २४००० |
| ५ | उ.वि.स. | शक्ति बहादुर शाही | २००० | १२ महिना | २४००० |
| ६ | हे.अ. | धर्मेन्द्र जंग हमाल | ८४६० | ५ महिना | ४२३०० |
| ७ | हे.अ. | दिनेश कुमार घतानी | ८४६० | ५ महिना | ४२३०० |
| ८ | अनमी | कल्याणी पाण्डे | ६४६० | | ५१४४० |
| ९ | का. सहायक | उद्धव श्रेष्ठ | २००० | १२ महिना | २४००० |
| १० | का. सहायक | अमृत ब. शाही | २००० | १२ महिना | २४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | का. सहायक(स.क.अ) | बिन्दा शिवाकोटी | २००० | १२ महिना | २४००० |
| १२ | का. सहायक(स.क.अ) | प्रमिला बस्नेत | २००० | १२ महिना | २४००० |
| १३ | स.इ. | अरुण बि.क. | २००० | १२ महिना | २४००० |
| १४ | अ.स.इ. | रामकृष्ण खड्का | २००० | १२ महिना | २४००० |
| १५ | ह.स.चा. | हरि बहादुर भुजेल | २००० | १२ महिना | २४००० |
| १६ | ह.स.चा. | आकाश बुढाथोकी | २००० | १२ महिना | २४००० |
| १७ | स्का. चालक | बिक्रम शिवाकोटी | २००० | १२ महिना | २४००० |
| १८ | ब्याक हो लोडर चालक | तिर्थ बहादुर श्रेष्ठ | २००० | १२ महिना | २४००० |
| १९ | का. सहायोगी | रामहरि थापा | २००० | १२ महिना | २४००० |
| २० | का. सहायोगी | मिरा कार्की | २००० | १२ महिना | २४००० |
| २१ | एम्बुलेन्स चालक | सुरज सुरेल | २००० | १२ महिना | २४००० |
| २२ | एम्बुलेन्स चालक | बासुदेव खत्री | २००० | १२ महिना | २४००० |
| २३ | ह.स.चा. | चक्रे तामाङ्ग | २००० | १२ महिना | २४००० |
| २४ | का. सहयोगी | राम ब. लामा | २००० | १२ महिना | २४००० |
| २५ | माली | कुमार नेपाली | २००० | १२ महिना | २४००० |
| २६ | ना.प्र.स. | जीवन शर्मा रिमाल | २००० | १२ महिना | २४००० |
| २७ | ना.प्र.स. | कमला तामाङ्ग | २००० | १२ महिना | २४००० |
| २८ | ना.प.से.प्रा. | दिपक खड्का | २००० | १२ महिना | २४००० |
| २९ | ना.प.से.प्रा. | निरन्जन खड्का | २००० | १२ महिना | २४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | ७६००४० |

५३

**पदाधिकारी भ्रमण**

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा ७ मा दैनिक तथा भ्रमण भत्ता सम्बन्धि व्यवस्था छ । सो दफाको उपदफा ३ मा भ्रमण गर्दा तीन दिन सम्मको भ्रमण आदेश अध्यक्षप्रमुखको हकमा स्वयंमले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यापालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था छ। पालिका अध्यक्षले देहाय बमोजिम भ्रमण गर्दा तीन दिन भन्दा बढी दैनिक तथा भ्रमणमा कार्यापालिकाबाट सो भ्रमण अवधिको स्वीकृत वा अनुमोदन गरेको नदेखिएको रु

| पद | नाम | भ्रमण गर्ने स्थान | मिति | दिन | रकम |
|---|---|---|---|---|---|
| अध्यक्ष | विश्वास कार्की | काठमाडौं | २०७९।२।१९-२५ | ६ | ६८०० |
| | | काठमाडौं | २०७९।२।७-१२ | ६ | ८४०० |
| | | काठमाडौं | २०७९।२।२६-३० | ५ | ६८०० |
| | | काठमाडौं | २०७९।३।१-५ | ५ | ६८०० |
| | | काठमाडौं | २०७९।३।११-१७ | ७ | १०००० |
| जम्मा | | | | | ३८८०० |

३८,८००

५४

**बिद्यालयको नियमनः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो मातहातका सामुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन।

५५

**शैक्षिक प्रतिवेदन**

| | | | | |
|---|---|---|---|---|
| | | | अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन। | |
| ५६ | | | **दिवाखाजा वितरण**<br>वित्तीय हस्तान्तरण मार्फत शशर्त अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष दिवा खाजा वितरण कार्यक्रम संचालन गर्न विद्यालयले भरेको EMIS को आधारमा रकम निकासा गरेको भएतापनि विद्यालयगत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरेको पाइएन । विद्यालयहरुले दिवा खाजा उपलब्ध गराए पश्चात विद्यार्थीको दैनिक हाजिरीको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट प्रमाणित गराई संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने र यसरी निकासा भएको रकमको सदुपयोगको सुनिश्चितताका लागि अनुगमन गर्नुपर्नेमा व्यवस्था छ। यस वर्ष पालिकाले अन्तर्गतमा ५१ विद्यालयहरुलाई दिवाखाजा बापत रु.५०२४१००।-निकासा गरेकोमा अधिकांस विद्यालयले विद्यार्थी उपस्थितिको अभिलेख नपठाएको र केही विद्यालयको हाजिरी विवरण हेर्दा विद्यार्थी अनुपस्थित रहेको अवस्थामा समेत सतप्रतिशत रकम निकासा गएको पाइएकोले दिवा खाजा रकमको वितरणको अवस्था एकिन गरी विवरण पेश गर्नुपर्ने देखिएको रु | ५,०२४,<br>१०० |
| ५७ | | | **विद्यार्थी पोषाक खरिद**<br>८।२०७८।८।७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले पालिका अन्तर्गतका आधारभुत विद्यालय **(ECD-5)** कक्षाका विद्यार्थीहरुका लागि निशुल्क रुपमा प्रति विद्यार्थि सर्ट १००cm र पाइन्ट ८०cm का दरले कपडा उपलब्ध गराउन देहाय बमोजिम खरिद गरी रु.१७७१८७६।- खर्च गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः | |
| ५७ .१ | | | कार्यालयले कक्षा **(ECD-5)** को लागि खरिद गर्ने गरी कार्यक्रम तय गरेकोमा खरिद र वितरण अवस्थामा कक्षा १० सम्मको लागि खरिद भएको देखिन्छ । कार्यक्रम गाउँसभावाट अनुमोदन नगरी थप खरिद भएको कारण तालिकमा उल्लेख भए अनुसार बढी खर्च भएको रकम नियमसम्मत देखिदैन । | |

| खरिद कपडा कक्षा **(ECD-10)** | खरिद रकम मु.अ.समेत | कक्षा **(ECD-5)** को विद्यार्थी संख्या | लाग्ने परिमाण | दर मु.अ.समेत प्रति मिटर | जम्मा | फरक |
|---|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पाइन्ट</td><td>११७१०२१</td><td>२३८९</td><td>८०cm</td><td>३३५</td><td>६४०२५२</td><td>५३०७६९</td></tr>
<tr><td>सर्ट</td><td>६००८५५</td><td>२३८९</td><td>१००cm</td><td>१३५</td><td>३२२५१५</td><td>२७८३४०</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८०९१०९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>माथि उल्लेखित कपडा सम्बन्धित विद्यालयलाई बुझाइ सोको लगत तयार गरी विद्यार्थीले पाए नपाएको अनुगमन हुनुपर्नेमा विद्यालयवाट कपडा वितरण भएको प्रमाण पेश हुन आएन तसर्थ बढी खरिद भएको रु.८०९१०९।-नियमित गरी उक्त कपडा वितरणको प्रमाण पेश हुनुपर्ने रु</td><td>१,७७१,८७६</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>विद्यालयको अनुदानको अनुगमनः<br>विद्यालय कार्यक्रम<br>कार्यान्वयन पुस्तिका २०७८।७९, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन। कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>शिक्षकहरुको ग्रेड निकासाः<br>विद्यालयका शिक्षकहरुको प्रत्येक वर्ष बैशाखवाट ग्रेड वृद्धि हुने र सोही बमोजिम बैशाख देखि आषाढसम्मको खाइपाई आएको तलबमा १ ग्रेड थप गरी कार्यालयले रकम निकासा दिनुपर्दछ। विभिन्न ५१ विद्यालयलाई शिक्षक, कर्मचारी, वालविकास सहजकर्ताको चैत्र महिनाको तलब भत्तामा रु.७०८४८९७।( खर्च लेखेको छ। कार्यालयले देहायका विद्यालयका शिक्षकहरुको चैत्र महिना देखिनै १ ग्रेड थप गरी रकम निकासा दिएको पाइएकोले बढी निकासा भएको रकम रु ७५५९९। असुल हुनुपर्ने रु
<table>
<tr><th>सि न</th><th>कार्यरत विद्यालयको नाम</th><th>शिक्षकको नाम थर</th><th>कार्यरत तह र श्रेणी</th><th>तलव स्केल</th><th>ग्रेड संख्या</th><th>ग्रेड दर</th><th>जम्मा ग्रेड रकम कर बाहेक</th><th>संचय कोष थप</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">नागेश्वरी प्रा.वि</td><td>देवी ढुँगेल</td><td>प्रावि,तृतीय</td><td>28610</td><td>1</td><td>954</td><td>954</td><td>95.4</td><td>1049.4</td></tr>
<tr><td>केशबराज घिमिरे</td><td>प्रावि,,द्वितीय</td><td>30200</td><td>1</td><td>1007</td><td>1007</td><td>100.7</td><td>1107.7</td></tr>
<tr><td rowspan="2">२</td><td rowspan="2">हलेश्वर प्रा.वि</td><td>पर्शुराम खडका</td><td>प्रावि,द्वितीय</td><td>30200</td><td>1</td><td>1007</td><td>1007</td><td>100.7</td><td>1107.7</td></tr>
<tr><td>छत्र प्रसाद ओली</td><td>प्रावि,द्वितीय</td><td>30200</td><td>1</td><td>1007</td><td>1007</td><td>100.7</td><td>1107.7</td></tr>
</table>
</td><td>७८६५</td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कल्याण काकी | मावि,तृतीय | 37990 | 1 | 1267 | 1267 | 126.7 | 1393.7 |
| | | काशीराम कार्की | प्रवि,तृतीय | 28610 | 1 | 954 | 954 | 95.4 | 1049.4 |
| | | हुकुन्द्र वहादुर खडका | प्रवि,तृतीय | 28610 | 1 | 954 | 954 | 95.4 | 1049.4 |
| | **जम्मा** | | | | | | | | 7865 |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२८ को निर्णयबाट रु.६७७३४।-सम्परीक्षण गरिएको ।)*

६० **विद्यालय कर्मचारी** २०८,०००

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ माआधारभुत तथा माध्यामिक तह संचालन भएका विद्यालयमा सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीहरु व्यवस्थापनका लागि कक्षा १-८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगी र १-१० तथा १-१२ सम्म चलेका विद्यालयलाई १ जना सहयोगी र १ जना विद्यालय सहायक कर्मचारी राखी १३ महिना बराबरको पारिश्रमिक अनुदान दिने व्यवस्था रहेको छ । तर पालिकाले देहाय बमोजिमका विद्यालयलाई १ जना बढि सहयोगी कर्मचारीको १३ महिनाको पारिश्रमिक अनुदान खर्च लेखेको देखियो यसरी निर्देशिकाले तोकिदिएको संख्या भन्दा बढी संख्याको सहयोगी कर्मचारी पारिश्रमिक खर्च लेखेको रकम रु.२०८०००।- असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु...

| **विद्यालयको नाम** | **अवधी** | **अनुदान दिनुपर्ने संख्या** | **अनुदान दिएको संख्या** | **अनुदान दिनुपर्ने रकम** | **अनुदान रकम** | **बढी रकम** |
|---|---|---|---|---|---|---|
| श्री तासिनाम आ वि | २०७८ श्रावण देखि २०७९ असार सम्म | २ | ४ | २०८००० | ४१६००० | २०८००० |

६१ **निर्वाह खर्च** १७,०००

प्राविधिक धार संचालन गर्ने विद्यालयका लागि ल्याब व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी बार्षिक रु.१५ हजारका दरले विद्यालयलाई निकासा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले प्राविधिक धार संचालनमा रहेको हलेश्वर माध्यमिक विद्यालयका १७ जना विद्यार्थीलाई प्रति विद्यार्थी रु.१५ हजारका दरले रु.२५५०००।-निकासा गरेकोमा उक्त रकमवाट व्यवहारिक अभ्यास(OJT) मा सहाभागी हुने विद्यार्थीको लागि प्रति विद्यार्थी रु.१०००।-का दरले निर्वाह खर्च रु.१७०००।-विद्यार्थीको खातामा दाखिला गर्नुपर्नेमा विद्यालयले सम्बन्धित विद्यार्थीलाई उक्त रकम भुक्तानी गरेको नपाइएकोले सोको प्रमाण पेश हुनुपर्ने रु

<table>
<tr><td>६२</td><td></td><td></td><td>सेनिटरी प्याड वितरण<br>सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने उल्लेख छ। पालिकाले सेनिटरी प्याड सम्बन्धित कार्यविधिको अनुसूचीमा उल्लेख भए अनुसारको न्यूनतम मापदण्डको पालना समेत नगरी यस आ.ब.मा १०२६३ प्याकेट सेनिटरी प्याड खरिद गरी रु.७३५०००।- खर्च गरेको छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन। कोभिड-१९ को कारणले विद्यालय बन्द भएको अवस्थामा ती सामान खरिद गर्नुपर्ने अवस्था नदेखिएको तथा लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा ह्रास हुने अवस्था रहेको समेत देखिएको छ। वास्तविक आवश्यकताको आधारमा मापदण्ड अनुसारको खरिद नहुँदा खर्चमा मितव्ययिता तथा गुणस्तर कायम राखेको पाइएन। तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>७३५,०००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>संघीय कोष फिर्ता<br>वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन अनुसार सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतवाट खर्च हुने गरी स्वास्थ्य संस्था नभएका वडाहरुमा करार कर्मचारीहरु ६ जनालाई नियुक्ति गरेको छ। उक्त कर्मचारीहरुलाई कार्यालयले आफ्नो आन्तरिक श्रोतवाट बजेट खर्च नगरी संघीय शर्सत शीर्षकवाट निज ६ जनाको मासिक रु.४७२००।-का दरले १२ महिना र चाडपर्व खर्च समेत १३ महिनाको रु.६१३६००।-खर्च गरेको पाइएकोले गाउँपालिका संचित कोषवाट संघीय संचित कोष दाखिला हुनुपर्ने रु</td><td>६१३,६००</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा तोके बमोजिम १० देखि ३० प्रतिशत सम्म कर कट्टा गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा पूर्ण रुपमा कर हिसाब गरी कर कट्टा तथा दाखिला गरेको पाइएन। तसर्थ निम्नानुसारको नपुग कर रु.३८५४१।- असुल गरी दाखिला हुनुपर्ने रु<br><table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>जम्मा आय</th><th>जम्मा कट्टी</th><th>खुद आय</th><th>लाग्ने कर</th><th>कट्टी कर</th><th>नपुग कर</th></tr>
<tr><td>१</td><td>डा.सुवास कार्की</td><td>मे.अ.</td><td>७९८३२०</td><td>१८००००</td><td>६१८३२०</td><td>२८१६४</td><td>६०७९</td><td>२२०८५</td></tr>
<tr><td>२</td><td>प्रभास जोशी</td><td>सुचना प्रविधि अधिकृत</td><td>५४११५०</td><td>०</td><td>५४११५०</td><td>१३६१५</td><td>५४१२</td><td>८२०३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३८५४१</td></tr>
</table></td><td>३०,२८८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | *प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२७ को निर्णयबाट रु.८२५३।- सम्परीक्षण गरिएको।)* | |
| ६५ | | | **फिर्ता रकम**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय ससर्त चालु अन्तर्गत निम्न कार्यक्रम संचालन गर्न पेश्की दिएकोमा कार्यक्रम संचालन गरी पेश्की फछ्यौंट गर्दा बाँकी रहेको रकम फिर्ता गर्दा बैक नगदी किताबमा खर्च नघटाएको साथै उक्त रकम पालिकाको संचित कोष दाखिला गरेको पाइएकोले संघीय संचितकोषमा दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु | २०७,००० |

| भौ नं र मिति | कार्यक्रमको नाम | पेश्की रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| ३९५-२०७९।३।३ | आमा सुरक्षा कार्यक्रम<br>(पे.फ. सुवास कार्की सुरी प्राथमिक स्वास्थ्य केन्द्र) | ९५००० | ५९२०० | ३५८०० |
| ४५३-२०७९।३।१७ | आमा सुरक्षा कार्यक्रम<br>(पे.फ. बर्षा राय झ्याकु स्वास्थ्य चौकी) | १२०००० | ८०८०० | ३९२०० |
| ४४४-२०७९।३।१६ | आमा सुरक्षा कार्यक्रम<br>(पे.फ. अरुण कुमार मण्डल मार्वु स्वास्थ्य चौकी) | ५७६०० | २५६०० | ३२००० |
| ५०१-२०७९।३।२१ | आमा सुरक्षा कार्यक्रम<br>(पे.फ. विना गुरुङ चंखु स्वास्थ्य चौकी) | ७२००० | ४३२०० | २८८०० |
| ५०२-२०७९।३।२१ | आमा सुरक्षा कार्यक्रम<br>(पे.फ. इन्दिरा खड्का जुगु स्वास्थ्य चौकी) | १४४००० | ७२८०० | ७१२०० |
| जम्मा | | | | २०७००० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **औषधी खरिद र व्यवस्थापन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यस गाउँपालिकाले उक्त प्रक्रिया अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| | | | ससर्त शिर्षकबाट रु.१३६८८३१। र उक्त प्रकृया बेगर गाउँपालिका चालुबाट रु.२६०५२७८।-गरी कुल रु.३९७४१०९।-को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>·खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>·आपूर्ति हुने औषधि डव्लु.एच.ओ.वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको।<br>·आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>·जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।<br>·औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ६७ | | | **औषधीको मौज्दातः**<br>पालिकाले औषधीहरु खरिद गरि स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएकोमा खरिद भएका औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा प्राप्त विवरणमा केही औषधीहरुको मौज्दात शुन्य देखाएको छ। त्यस्तै निशुल्क वितरण गर्ने औषधीमा निशुल्क वितरणका लागि भन्ने लोगो लगाएको पाइएन। कतिपय औषधीमा मुल्यअंकित समेत भएको पाइयो। पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७७.७८ अनुसार अथोराइज्ड स्टक लेभल (ASL) र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ। | |
| ६८ | | | **औषधीको टुक्रा खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ। सार्वजनिक खरिद कार्य गर्दा एउटै प्याकेजमा समावेश गर्न सकिने प्रकृतिको कामलाई प्याकेजिङ्ग गरी वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ। गाउँपालिकाले संघीय ससर्त चालु तथा गाउँपालिका चालु शीर्षकवाट रु ३९७४१०७। को औषधी खरिदमा टुक्रा गरी सोझै खरिद गरेको देखिएको छ। खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना नगरी यसरी प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गरेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु | ३,९७४,<br>१०७ |

६९

**सहभागी भत्ता**

*...........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।११।२८ को निर्णयबाट रु. ४५९०।-सम्परीक्षण गरिएको ।)*

०

७०

**अग्रिम कर**

आयकर ऐन,२०५८ को दफा ८७,८८,८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गर्दा कम कर कट्टी गरेको पाइएकोले सम्बन्धित फर्मबाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| **भौ.नं. र मिति** | **विवरण** | **विजक/खर्च रकम** | **१५ प्रतिशत पारिश्रमिक कर** | **१.५ प्रतिशत कट्टी हुनुपर्ने** | **कट्टी भएको** | **बाँकी** |
|---|---|---|---|---|---|---|
| २३३-२०७८/१२/२१ | एकिकृत बहुद्देश्यिय कृषि समुहले किवी विरुवा र विविध सामान खरिद | ६५९४०० | ० | ९८९१ | ६००० | ३८९१ |
| २५२-२०७८/१२/२२ | बुद्ध कृषक समुहले किवी पकेटको लागि सामान खरिद | ६५८०२० | ० | ९८७० | ६००० | ३८०० |
| २९३-२०७९/१/२५ | लालीगुराँस मौरीपालन कृषक समूहले मौरी पालनका लागि सामान खरिद | ८८२१४९ | ० | १३२३२ | ९००० | ४२३२ |
| ४७५-२०७९।३।२० | हिमचुली बहुद्देश्यीय सहकारी संस्थाले रैथानेवाली प्रवर्द्धन कार्यक्रमका लागि सामान खरिद | २४४८०० | ० | ३६७२ | १८७६ | १७९७ |
| ४७७-२०७९।३।२० | सोथली साना किसान कृषि सहकारीले रैथाने वाली प्रवर्द्धन कार्यक्रमका लागि सामान खरिद | २०११२५ | ० | ३०१६ | १५७५ | १४४१ |
| ५०४-२०७९।३।२० | गौरीशंकर फलफुल तथा वन नर्सरीको लागि फलफुल विरुवा खरिद | ७४७६७५ | ० | ११२१५ | ५६०८ | ५६०७ |

४०,९६८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१-२०७९।२।२० पालिका शिक्षा | प्रधानाध्यापक पदाधिकारी बैठक | २२०००० | ३३००० | ० | २०००० | १३००० |
| ४१-२०७९।२।२४ पालिका शिक्षा | गाउँ शिक्षा समितिको बैठक | ५०००० | ७२०० | ० | ० | ७२०० |
| जम्मा | | | | | | ४०९६८ |

७१

**प्रधानमन्त्रि रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ७ वडाहरुमा वाटो निर्माण, खानेपानी संरक्षण, खेलमैदान विस्तार लगायतका कार्यक्रम सञ्चालन गरेको छ। वेरोजगारहरुको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ। रोजगार कार्यक्रममा आबद्ध हुनका लागि ५९० जनाले निवेदन दिएकोमा जम्मा १७७ जनालाई रोजगारी दिएको छ। कुल २३ आयोजनाहरु संचालन भएकोमा संचालित कार्यक्रममा १७७ जनालाई दैनिक रु ५७७ र ७२८ को दरले १५५२० दिन रोजगारी दिइ रु.९५१४९५७।- खर्च गरेको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन।

७२

**कृषि अनुदानको उपयोगः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको देखिदैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। यो वर्ष पालिकाले बोका बाख्रा खरिद गर्दा रु. खर्च गरेकोमा बीमा नगरेको र खरिद पशुको स्वास्थय जाँच नभएको, उन्नत जातको खरिद नभएको, खरिद पशुको ट्यागिङ नभएको साथै वितरण गरिसकेपछि अनुगमन गरेको समेत नदेखिएकोले सो सम्बन्धमा सुधार हुनुपर्ने देखिन्छ।

७३

**सामुदायीक विद्यालयको शैक्षिक गुणस्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ। आ.व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। गाउँपालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ। | |
| ७४ | | | **सामाजिक सुरक्षा कर**<br>स्थानीय तहहरुको कार्यक्रम संचालन मार्गदर्शन २०७८।७९ मा उल्लेख भए अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्याका आधारमा दोहोरो नपर्ने गरी जनही रु.१००००।-का दरले पोशाक भत्ता उपलब्ध गराउने र उक्त पोशाक भत्तामा सामाजिक सुरक्षा कर लाग्ने उल्लेख छ । पालिकाले अन्तर्गतका स्वास्थ्य संस्थामा आवद्ध १३२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई जनही रु.१००००।- का दरले जम्मा रु.१३२००००।-पोशाक भत्ता भुक्तानी गरेकोमा मार्गदर्शनमा उल्लेख भए अनुसारको सामाजिक सुरक्षा कर कट्टा भएको नपाइएकोले नियमानुसार लाग्ने कर रु.१३२००।-असुल गरी दाखिला हुनुपर्ने रु | १३,२०० |
| ७५ | | | **ग्रेड रकम**<br>निजामती सेवा ऐन,२०४९ को दफा ७ख२ र बागमती सरकरको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका,२०७५ को दफा २० तथा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७६।५।१८ को परिपत्र वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकमा जिल्ला विकास समितिमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुलाई तलबी प्रतिवेदन पारित नगरी यस वर्ष मिति २०७६ साल देखिको छुट ग्रेड भनी रु।४१२१८०। भुक्तानी दिएको पाइयो । यसरी कर्मचारीहरुको पारित तलबी प्रतिवेदन र सुविधा पाउने आधार प्रमाण बेगर भुक्तानी भएको उक्त रकमको दिन मिल्ने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ४१२,१८० |

| कर्मचारीको नाम | पद | अवधि | ग्रेड संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| मिङमा नुरी शेर्पा | वडा सचिव(चौथो) | २०७६ असोज देखि २०७७ भाद्र सम्म | ६ | ७७८ | ६३८६४ |
| | | २०७७ असोज देखि २०७८ असार सम्म | ७ | ८८७ | ६२०९० |
| | | २०७८ श्रावण देखि २०७९ असार सम्म | ७ | ९५४ | ८०१३६ |
| सुवास के सी | वडा सचिव(चौथो) | २०७६ असोज देखि २०७७ भाद्र सम्म | ६ | ७७८ | ६३८६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०७७ असोज देखि २०७८ असार सम्म | ७ | ८८७ | ६२०९० |
| | | २०७८ श्रावण देखि २०७९ असार सम्म | ७ | ९५४ | ८०१३६ |
| जम्मा | | | | | ४१२१८० |

७६

**कार्यक्रम अभिलेख खाता**

सार्वजिनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५२२ कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष रु. (सशर्त अनुदानबाहेक) खर्च भएको देखिन्छ। यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन। कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन। त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नु पर्दछ।

७७

**स्वास्थ्य कार्यक्रमको अभिलेख व्यवस्थापन**

स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८।७९ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ। सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७८

**सक्कल बिल राख्नुपर्नेः** ६३०,१३६

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने व्यबस्था छ। कार्यालयले देहायको फर्मलाई भुक्तानी गर्दा खर्च पुष्ट्याई हुने कागजात तथा सक्कल विजक बेगर भुक्तानी गरेको पाइएकोले सोको सक्कल विल पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| भौ.नं र मिति | विवरण | भुक्तानी भएको फर्म | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५६७।०७८।१०।२४ | कार्यालय सम्बन्धी छपाई | World Wide offset press and suppliers Kathmandu | ३५९२८३ | विल नं २५ वाट रु.२७४५३३ र विल नं २६ वाट रु.८४७५० |

| | | | | |
|---|---|---|---|---|
| १०१।०७८।०६।१६ | सुचना प्रकाशन प्रशारण | अनुपम मिडिया प्रा.ली. | ५५३७० | फोटो कपि विजकको आधारमा भुक्तानी |
| ३०३।०७८।०८।७ | सुचना प्रकाशन प्रशारण | गौरीशंकर सामुदायिक पुस्तकालय | २५००० | फोटो कपि विजकको आधारमा भुक्तानी |
| ११०२।०७८।१२।१८ | सुचना प्रकाशन प्रशारण | Rain Trade and marketing | ७०५१२ | फोटो कपि विजकको आधारमा भुक्तानी |
| १०९१।०७९।०१।१६ | सुचना प्रकाशन प्रशारण | Hamro Advertising Kathmandu | ६४०७१ | फोटो कपि विजकको आधारमा भुक्तानी |
| २५३।०७८।०८।०६ | स्थानीय अपाँग समन्वय समिति बैठक भत्ता | विभिन्न व्यक्ति | २२००० | खर्चको पुष्ट्याइ कागजात र भत्ता बुझेको भरपाई बेगर खर्च |
| २८५।०७८।०८।०७ | सुचना प्रकाशन प्रशारण | गोमा देवी मल्टिपल बिजनेश प्रा.ली. | ३३९०० | खर्चको पुष्ट्याइ कागजात र विजक बेगर खर्च |
| **जम्मा** | | | **६३०१३६** | |

७९

**बढी भुक्तानीः**

कार्यालयले गो.भा.न. ७७०।०७८।१२।०८ मा पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन शिर्षकमा बोलपत्र स्वीकृत गर्ने आशयको सुचना पत्रिकामा छापिएको परिमाण भन्दा बढी परिमाण(सिसि) राखि आएको बिलमा गौरीशँकर मिडिया प्रा.ली. चरिकोटलाई रु.१६५२६।०० बढी भुक्तानी भएको हुँदा उक्त रकम सम्बन्धितबाट असुलउपर गरी राजस्व दाखिला गर्नुपर्ने रु. १६,५२६

| भुक्तानी भएको सिसि | भुक्तानी हुनुपर्ने सिसि | दर | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| ५*११=५५ | ४*१०=४० | १३०० | ६०५९६।२५(छुट पछि र भ्याट सहित) | ४४०७०(छुट पछि र भ्याट सहित) | १६५२६ |

<table>
<tr><td>८०</td><td></td><td></td><td>बढी भुक्तानीः<br>कार्यालयले गो.भा.न. ६०४।०७८।११।९ मा पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन शिर्षकमा बिद्युतीय बोलपत्र आव्हानको सुचना छपाइमा पत्रिकामा सुचना छापिएको परिमाण भन्दा बढी परिमाण(सिसि) राखि आएको बिलमा गौरीशँकर मिडिया प्रा.ली. चरिकोटलाई रु.१३२२१।०० बढी भुक्तानी भएको हुँदा उक्त रकम सम्बन्धितबाट असुलउपर गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>भुक्तानी भएको सिसि</td><td>भुक्तानी हुनुपर्ने सिसि</td><td>दर</td><td>भुक्तानी भएको रकम</td><td>भुक्तानी हुनुपर्ने रकम</td><td>बढी भुक्तानी भएको रकम</td></tr>
<tr><td>६*१२=७२</td><td>६*१०=६०</td><td>१३००</td><td>७९३२६(छुट पछि र भ्याट सहित)</td><td>६६१०५(छुट पछि र भ्याट सहित)</td><td>१३२२१</td></tr>
</table></td><td>१३,२२१</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>बढी भुक्तानीः<br>पालिका अध्यक्ष श्री सोयम बहादुर खड्काको कार्यालय कामको शिलशिलामा मिति २०७८।१०।२३-१०।२५ सम्म चरिकोटको लागि भ्रमण आदेश स्वीकृत भएको छ। स्वीकृत भ्रमण आदेश अनुसार भ्रमण बिल भुक्तानी गर्दा ३ दिनको रु.३६०० भुक्तानी हुनुपर्नेमा गो.भा.न.७२८।०७८।११।२६ बाट भुलबस रु.१००००।०० भुक्तानी भएको छ। नियमानुसार पाउनुपर्ने भन्दा बढी भुक्तानी भएको रकम रु.६४००।०० असुल हुनुपर्ने रु.</td><td>६,४००</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्डः<br>सार्वजनकि खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ मा सवारी साधानको किसिम,इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु.१५०००००/- इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सवारी साधन प्रयोगको लगबुक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने,लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>बिद्युत महसुल जरिवानाः<br>नेपाल बिद्युत प्राधिकरणलाई समयमै बिद्युत महशुल भुक्तानी गर्दा सो रकमको केही प्रतिशत छुट रकम प्राप्त हुन्छ। कार्यालयले निम्नानुसार मितिमा नेपाल बिद्युत प्राधिकरणलाई बिद्युत महशुल समयमै भुक्तानी नगर्दा जरिवाना वापत थप दस्तुर थप व्ययभार परेको छ। समयमा दाखिला गरी छुट समेत प्राप्त गर्नुपर्नेमा जरिवाना वुझाउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।
<table>
<tr><td>गो.भा.न\मिति</td><td>बिल रकम</td><td>जरिवाना</td><td>जरिवाना रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८१७।०७८।१२।१३</td><td>२४१४४।००</td><td>२५%</td><td>६०३६।००</td></tr>
<tr><td></td><td>२०२२०।९५</td><td>५%</td><td>१०११।००</td></tr>
<tr><td>११०२।०७९।१।२३</td><td>७२११।८९</td><td>२५%</td><td>१८०३।००</td></tr>
<tr><td colspan="3">जम्मा रकम</td><td>८८५०।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>भाडा खर्चमा मितव्ययीताः<br>गाँउपालिकाले आफ्नो साधनको अपर्याप्तताको कारण जनाई कार्यालयको विभिन्न प्रयोजनार्थ सवारी भाडा वापत सवारी साधन तथा मेशिनरी औजार भाडा खर्च शिर्षकबाट रु.९७५६५०।०० खर्च लेखेको छ। समान दुरीको ढुवानीमा समेत भाडा खर्च फरक फरक लेखेको देखियो र भाडादरमा एकरुपता देखिएन। यस समबन्धमा कार्यालयले सवारी साधन भाडामा लिने मापदण्ड तथा मुल्य निर्धारण गरी दुरी,भौगोलिक स्थिति आदिको आधारमा सुपथ भाडादर कायम गरी खर्चमा मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>बिल सँलग्न नभएकोः<br>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली,२०७७ को दफा ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल,भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने व्यबस्था छ। कार्यालयले नेपाल बिद्युत प्राधिकरणलाई बिद्युत महशुल वापतको बिल रकम भुक्तानी गर्दा निम्न गौ.भा.न. बाट निम्न अनुसारका रकम भुक्तानीमा भौचरमात्र राखी खर्च लेखेको बिल सँलग्न नभएको अवस्था छ।
<table>
<tr><th>गो.भा.न.।मिति</th><th>रकम</th></tr>
<tr><td>२४।०७८।६।१३</td><td>२९६४७।००</td></tr>
<tr><td>२५।०७८।६।१३</td><td>१५०४७।३६</td></tr>
<tr><td>३६७।०७८।९।१६</td><td>५५९१८।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>खर्चको पुष्टयाई<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो। तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१,८६०,<br>७३७</td></tr>
</table>

| गो.भौ.र मिति | खर्चको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १२९४-२०७९।३।६ | पाइप खरिद | ६९८०० | वडा नं ८ ले खरिद गरेको १०६५ मिटर पाइपको वितरण र प्रयोगको अवस्था नखुलेको। |
| १३३४-२०७९।३।१० | गाडी भाडा | ११०००० | कार्यालयवाट कुन कुन योजनामा अनुगमनको लागि गाडी भाडामा लिइएको हो सो खुल्ने प्रमाण र सवारी सम्झौता नरहेको । |
| १३८६-२०७९।३।१९ | टर्च लाईट खरिद | ४९९२० | खरिद भएका १०० थान टर्च लाईट वितरण भरपाई नभएको। |
| १३९३-२०७९।३।१५ | ४० थान त्रिपाल लगायत ११ प्रकारका सामान खरिद | १९२१३३ | विपद व्यवस्थापनका लागि खरिद भएका सामानको वितरण भएको प्रमाण पेश नभएको। |
| १५८५-२०७९।३।२१ | २२ थान त्रिपाल र पाइप ६०० मिटर खरिद | १०३८८६ | विपद व्यवस्थापनका लागि खरिद भएका सामानको वितरण भएको प्रमाण पेश नभएको। |
| १५९३-२०७९।३।२१ | ग्याविन जाली(१.५*१*१)को १५० थान खरिद | ९१४८०८ | विपद व्यवस्थापनका लागि खरिद भएका ग्याविन जाली वितरण र प्रयोग भएको प्रमाण पेश नभएको। |
| १४४१-२०७९।३।२० | कृषि तथा पशु सम्बन्धि सामाग्री खरिद | १२०२७० | सम्बन्धित लाभग्राहीलाई वितरण भएको प्रमाण पेश नभएको। |
| ५४-२०७९।३।२० | अपाङ्गको लागि सामान खरिद | २९९९२० | ह्वाइट चियर ९ थान, बैसाखी २० थान, कमोड चियर १० थान, सिग्नल स्टिक ७५ थान वितरण भएको प्रमाण पेश नभएको। |
| जम्मा | | १८६०७३७ | |

८७ **आन्तरिक आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८,५९ र ६१ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था गरिएको छ। यस पालिकाको(वडा कार्यालयहरु समेत) आन्तरिक आय तर्फको श्रेस्ता परीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको (नगदी र मालपोत) अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम भिडान गर्न नसकिएको हुँदा यो वर्ष सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य

आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। पालिकाले आवश्यक म.ले.प.फा.नं हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८८

**गाउँपालिकाको राजस्व अनुमान र सँकलनः**

स्थानीय सरकर सँचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानिय तहले आफ्नो क्षेत्र भित्र कानुन अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यबस्था रहेको छ ।जस अनुसार गाँउपालिकाले यस बर्ष बिभिन्न शिर्षकमा रु. ४६,७३,५४९.२६आम्दानी गरेको देखिन्छ।

| **क.स.** | **आम्दानी स्रोत** | **वार्षिक अनुमानित आय** | **यस बर्षको आम्दानी** |
|---|---|---|---|
| १ | अन्य राजस्व | २५,००,००० | ४६,७३,५४९.२६ |
| २ | बैंक मौज्दात | ५,३६,००,००० | ० |
| **जम्मा** | | ५,६१,००,००० | ४६,७३,५४९.२६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा गाँउपालिकाको बित्तिय अधिकारक्षेत्र भित्र कर लगाउन सक्ने व्यबस्था रहेको छ। यस पालिलकाले अन्य राजस्व शिर्षकमा मात्र एक मुष्ठ कर सँकलन गरेको छ। कुन क्षेत्रमा\शिर्षकमा कति कर सँकलन गरेको हो सो एकिन गर्न सकिएन।

**क) व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र व्यापार, व्यबसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यबसाय कर लगाउन सक्ने ब्यवस्था छ ।गाँउपालिकाले यस आर्थिक बर्षमा व्यबसाय कर वापत आम्दानी गरेको देखिएन।पाँलिकाले आफ्नो क्षेत्राधिकार भित्र व्यबसाय दर्ता भएका व्यवसायहरुको पुर्ण रुपमा अभिलेख राखी कर संकलन गर्नमा तदारुकता देखाउनुपर्ने देखिएको छ।

**ख) मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा मनोरञ्जन करको दर र सँकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको सँकलन गाँउपालिकाले गर्ने भन्ने व्यबस्था रहेको छ।गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको छैन। ऐन अनुसार कर उठाउन पालिकाले तदारुकता देखाउनुपर्दछ।

**ग) घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाँउपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने छ। कार्यालयले यस आ.ब.मा वहाल कर आम्दानी गरेको देखिएन यस सन्दर्भमा कार्यालयले घर सर्वेक्षण(HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अध्यावधिक गरी करको दायरा अभिबृद्धि सँगै कर सँकलन गर्नेतर्फ प्रोत्साहित हुनुपर्दछ।

**घ) हाइड्रोपावरः** पालिका क्षेत्र भित्र विभिन्न हाइड्रोपावरहरु संचालनमा रहेको छ। जसवाट व्यवसाय कर, भुमि तथा सम्पत्ती कर, संरचना तयार गर्दा नक्सापास दस्तुर लगायतका आम्दानी गर्नुपर्नेमा कुनै पनि हाइड्रोपावरवाट आय प्राप्त गरेको छैन। हाइड्रोपावरहरुलाई करको दायरामा ल्याउनु पर्दछ।

८९

**वडा तर्फको आयः**

गाउँपालिकाबाट पेश भएको विवरण अनुसार वडा तर्फको आय असूली तथा दाखिलाको विवरण निम्नानुसार रहेको छः

| वडा | आम्दानी बाधि लिएका ठेली | आम्दानी बाधि लिएका फिर्ता आएका ठेली | आम्दानी बाधि लिएका फिर्ता नआएका ठेली | आम्दानी नदेखिएको खर्च भई आएको ठेली | ठेली (नगदी\मालपोल) बाट उठेको राजस्व | दाखिला गरेको राजस्व | बाँकी दाखिला गर्नुपर्ने राजस्व |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | २ | २ | ४ | ७६४३५।५० | ७६४३५।५० | |
| २ | १३ | ७ | ६ | ३ | ७८४७३।०० | ७८४७३।०० | |
| ३ | १३ | ७ | ६ | ४ | ६२८८८।०० | ८४२६५।०० | |
| ४ | ११ | ६ | ५ | ४ | १२१४६४।०० | १२१४६४।०० | |
| ५ | २० | १४ | ६ | ६ | २१८४९३।१० | २४८५९७।०० | |
| ६ | ११ | १० | १ | ० | ५१२६५।०० | ७०३६५।०० | |
| ७ | १० | ९ | १ | ९ | १९०४१२।५० | १८९८००।०० | ६१२।५० |
| ८ | ५ | ३ | २ | ३ | २६४८०।०० | ४४२५५।०० | |
| ९ | ११ | ६ | ५ | २ | ८९६५१।०० | ९६८५१।०० | |
| पालिका | | | | | | ३६६३०४३।७६ | |
| कुल जम्मा | | | | | | ४६७३५४९।२६ | |

**क)** पालिका अन्तर्गतका वडा नं.७ ले नगदी\मालपोत ठेली रसिद काटी गरेको आम्दानी भन्दा राजस्व दाखिला कम गरेको छ ।कम दाखिला गरेको जम्मा रकम रु.६१२।५० सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

**ख)** पालिका अन्तर्गत वडा नं.३,५,६,८ र ९ को नगदी\मालपोत ठेली परीक्षण गर्दा रसिद काटी गरेको आम्दानी भन्दा बढी राजस्व दाखिला गरेको देखिन्छ । सो के कति कारणले बढी राजस्व दाखिला भएको हो पालिकाले एकिन गर्नुपर्दछ।

६१२

| | | | | |
|---|---|---|---|---|
| | | | वडाहरुले आम्दानी बाधि लिएका नगदी\मालपोत ठेलीहरु लेखापरीक्षण अवधिसम्म पनि फिर्ता नआएको र आम्दानी नदेखिएका ठेली रसिदहरु लेखापरीक्षणको अवधिमा पेश हुन आएको देखिन्छ पालिकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ९० | | | **ढिला दाखिलाः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले राजस्व रकम नियामानुसार समयमा जम्मा नभई ढिला दाखिला हुने गरेको देखिन्छ। पालिकाले राजस्व रकम ढिला दाखिला गर्नुको कारण पहिचान गरी सुधार गर्नुपर्ने अन्यथा ढिला राजस्व दाखिला गरेको रकमको नियमाअनुसार जरिवाना असुल गर्नुपर्दछ। | |
| ९१ | | | **सेस्ता तयारः**<br>नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाचामा वित्तिय विवरण सम्बन्धि आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यबस्था रहेको छ। गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेपनि राजस्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फाराम नं.१०४ राजस्व\आम्दानीको शिर्षकगत खाता, म.ले.प. फाराम नं.१०५ को राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.न.१०८ राजस्व आम्दानीको बैंक\नगदी किताब तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाँकन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शिर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजस्व श्रेस्ता तयार गर्नुपर्दछ। | |
| ९२ | | | **हिसाब भिडानः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम।आई।एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन। यस समबन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ। | |
| ९३ | | | **मृत्यु भएकालाई भत्ता -**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन। सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट | ५०६,१११ |

प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रिको परिक्षण गर्दा तपसिल बमोजिमको मृत्यु भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैंक दाखिला गरेको देखिएकोले नगरपालिकाले आवश्यक छानवीन गरि बढी रकम दाखिला भएमा असुल गरी केन्द्रीय संचित कोष दाखिला गर्नुपर्ने रु...

| वडा नं. | लाभग्राहीको नाम | मृत्यु भएको मिति | वितरण हुनुपर्ने रकम | वितरण भएको रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १ | ranjit khadka | 2078.04.23 | 3059 | 47880 | 44821 |
| १ | Pandiki Sherpa | 2078.03.27 | 0 | 48000 | 48000 |
| १ | Dhana Bdr Jirel | 2078.08.07 | 4933 | 12000 | 7066 |
| १ | Shreematiman Kumari Jirel | 2078.10.09 | 1200 | 12000 | 11800 |
| २ | Narimaya Sarkini | 2078.04.06 | 800 | 48000 | 47200 |
| २ | Nandamaya Kamini | 2078.03.29 | 0 | 48000 | 48000 |
| ३ | Hem Bahadur Khatri | 2078.05.08 | 4667 | 24000 | 19333 |
| ४ | Mangdoma Sherpini | 2078.05.05 | 4667 | 48000 | 43333 |
| ४ | Dhan Maya B.K. | 2078.05.03 | 2926 | 31920 | 28994 |
| ५ | Chandra Kumari Shresthe | 2076.07.04 | 0 | 48000 | 48000 |
| ५ | Tek Bahadur Khadka | 2078.07.02 | 266 | 35910 | 35644 |
| ७ | Nara Bahadur Gurung | 2078.04.32 | 4000 | 48000 | 44000 |
| ७ | Ram Bahadur Shresthe | 2078.03.17 | 0 | 48000 | 48000 |
| ७ | Pem Yanji Sherpa | 2078.03.03 | 0 | 31920 | 31920 |
| **जम्मा** | | | | | **506111** |

९४ **नागरिकता नम्बर एकै भएका लाभग्राहीः**

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको छ। यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी दोहोरो परे नपरेको एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने देखिन्छ। यदि दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।

| प्रथम त्रैमासिक | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा नं. | लाभग्राही नाम | ना.नं. | व्यक्तिगत परिचय नं. | रकम भुक्तानी |
| १ | २ | Durgamaya Ghimire | 235 | 2010121200652 | 7980 |
| २ | ५ | Makardhoj Gurung | 235 | 1991041000935 | 12000 |
| ३ | ३ | Temba Sherpa | 106 | 2007123280193 | 12000 |
| ४ | ५ | Chandra Bahadur Darji | 106 | 2012123043799 | 7980 |
| ५ | ५ | Chiring Bhute Sherpa | 223032251 | 1985120500237 | 12000 |
| ६ | ५ | Subash Surel | 223032251 | 2045120100147 | 11970 |
| ७ | ५ | Kopila Gurung | 787 | 1996100501644 | 12000 |
| ८ | ४ | Ratna Kumari Karki | 787 | 2020122200229 | 7980 |
| ९ | ५ | Nir Maya Dharge | 22103214 | 2003041501687 | 12000 |
| १० | ५ | Nina Kumari Khatri | 22103214 | 2039032900094 | 7980 |
| ११ | ६ | Nima Dawa Sherpa | 1352 | 2006081007077 | 12000 |
| १२ | ६ | mingama dawa sherpa | 1352 | 2006123232592 | 12000 |
| १३ | ८ | som bahadur tamang | 22027600806 | 2001010518658 | 12000 |
| १४ | ९ | Some Tamang | 22027600806 | 2001010517882 | 12000 |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | ९ | Aaitamaya Magar | 9745194 | 1999081500961 | 12000 |
| १६ | ९ | Masali Tamang | 9745194 | 2004062300058 | 12000 |
| १७ | ९ | Namgel Sherpa | 734 | 1994012000215 | 12000 |
| १८ | ६ | Damji Tamang | 734 | 2024010502738 | 7980 |
| १९ | ९ | Sanga Sherpa | 519 | 2004121002349 | 12000 |
| २० | ९ | sajana sherpa | 519 | 2004123326928 | 12000 |
| २१ | ९ | budha tamang | 646333 | 2006123264421 | 12000 |
| २२ | ९ | Man Bahadur Tamag | 646333 | 2005123306901 | 12000 |
| २३ | ६ | Pasangfuti Sherpa | 131 | 2017050700983 | 7980 |
| २४ | ८ | sukr raj tamang | 131 | 2060101001776 | 6384 |
| २५ | ५ | Bipana Shurel | 221032368 | 2046101200195 | 11970 |
| २६ | ५ | Sapana Shurel | 221032368 | 2045050300222 | 11970 |
| २७ | ५ | Rashmita Shurel | 22303221 | 2052012500095 | 11970 |
| २८ | ५ | Rupa Shurel | 22303221 | 2046030600127 | 11970 |

९५ **अभिलेख व्यवस्थापनः**

**एम.आई.एस. विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि(२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। गाँउपालिकाबाट प्राप्त एम.आई.एस.मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, न. प्र.प्र.नं. दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन। एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको

व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ।

**प्रतिवेदनः**

सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन।

९६ **लगत कट्टाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा र ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्नेमा सबै लाभग्राही भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।

| वडा नं | लगत कट्टा संख्या | वडा नं | लगत कट्टा संख्या | वडा नं | लगत कट्टा संख्या |
|---|---|---|---|---|---|
| १ | २१ | २ | २८ | ३ | २५ |
| ४ | २६ | ५ | ६७ | ६ | १४ |
| ७ | २७ | ८ | २० | ९ | २१ |

९७ **दोहोरो परेका लाभग्राहीः**

कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ। एम आई एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने र दोहोरो हुनेगरी बैंक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु ४५३,२३६

| क्र.स. | व्यक्तिगत परिचय नं. | वडा नं. | लाभग्राही नाम | ना.नं. | किस्ता | रकम भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | 2018030801013<br>2018030801021 | १ | Purna Bahadur Sarki | 1041627 | प्रथम | 7980 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | 2041021502374<br>2041021502077 | २,३ | Dalomu Sherpa | 46868 | प्रथम | 7980 |
| ३ | 2041042900672<br>2041042900684 | ३ | Bal Bahadur Tamang | 223037-68 | प्रथम | 6384 |
| ४ | 2007111402478<br>2007111402323 | ३ | Lal Karna Tamang | 204210 | प्रथम | 12000 |
| ५ | 2007060701979<br>2007060701136 | ५ | Ganesh Bahadur Bhujel | 8412160 | प्रथम | 12000 |
| ६ | 2052032700097<br>2054112500132 | ५ | Nisha Surel | 22017202782 | प्रथम | 11970 |
| ७ | 2004011508454<br>2004011513843 | ९ | Sangmaya Tamangni | 9078 | प्रथम | 12000 |
| ८ | 1996121201618<br>2006123344132 | ५,७ | Gyaljen Sherpa | 3 | प्रथम | 12000 |
| ९ | 2018030801013<br>2018030801021 | १ | Purna Bahadur Sarki | 1041627 | दोस्रो | 7980 |
| १० | 2007110602177<br>2007110602391 | ३ | Ben Bahadur Basnet | 1971847 | दोस्रो | 12000 |
| ११ | 2007111402478<br>2007111402323 | ३ | Lal Karna Tamang | 204210 | दोस्रो | 12000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | 2006100302202<br>2006100302269<br>2006123359528 | ३ | NIR Bahadur Khatri | 1815 | दोस्रो | 20000 | |
| १३ | 2041042900672<br>2041042900684 | ३ | Bal Bahadur Tamang | 223037-68 | दोस्रो | 6384 | |
| १४ | 2007060701979<br>2007060701136 | ५ | Ganesh Bahadur Bhujel | 8412160 | दोस्रो | 12000 | |
| १५ | 2000122002601<br>2006122000412 | ५ | Prasab Kumari Surel | 913918 | दोस्रो | 12000 | |
| १६ | 2052032700097<br>2054112500132 | ५ | Nisha Surel | 22017202782 | दोस्रो | 11970 | |
| १७ | 2004011508454<br>2004011513843 | ९ | Sangmaya Tamangni | 9078 | दोस्रो | 12000 | |
| १८ | 2005081008051<br>2005081007715 | १ | Kalawoti Khatri | 223038472 | तेस्रो | 12000 | |
| १९ | 2018030801013<br>2018030801021 | १ | Purna Bahadur Sarki | 1041627 | तेस्रो | 7980 | |
| २० | 2007110602177<br>2007110602391 | ३ | Ben Bahadur Basnet | 1971847 | तेस्रो | 12000 | |
| २१ | 2007111402478 | ३ | Lal Karna Tamang | 204210 | तेस्रो | 12000 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 2007111402323 | | | | | |
| २२ | 2006100302202<br>2006100302269<br>2006123359528 | ३ | NIR Bahadur Khatri | 1815 | तेस्रो | 24000 |
| २३ | 2041042900672<br>2041042900684 | ३ | Bal Bahadur Tamang | 223037-68 | तेस्रो | 6384 |
| २४ | 2017101701543<br>2017101701748 | ४ | Man Bahadur Darji | 31743920 | तेस्रो | 7980 |
| २५ | 2007060701979<br>2007060701136 | ५ | Ganesh Bahadur Bhujel | 8412160 | तेस्रो | 12000 |
| २६ | 2000122002601<br>2006122000412 | ५ | Prasab Kumari Surel | 913918 | तेस्रो | 12000 |
| २७ | 2052032700097<br>2054112500132 | ५ | Nisha Surel | 22017202782 | तेस्रो | 11970 |
| २८ | 2035040102141<br>2035040102026 | ७ | Doma Sherpa | 43186 | तेस्रो | 7980 |
| २९ | 2004011508454<br>2004011513843 | ९ | Sangmaya Tamangni | 9078 | तेस्रो | 12000 |
| ३० | 2005081008051<br>2005081007715 | १ | Kalawoti Khatri | 223038472 | चौथो | 12000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | 2018030801013<br>2018030801021 | १ | Purna Bahadur Sarki | 1041627 | चौथो | 7980 | |
| ३२ | 2007110602177<br>2007110602391 | ३ | Ben Bahadur Basnet | 1971847 | चौथो | 12000 | |
| ३३ | 2007111402478<br>2007111402323 | ३ | Lal Karna Tamang | 204210 | चौथो | 12000 | |
| ३४ | 2006100302202<br>2006100302269 | ३ | NIR Bahadur Khatri | 1815 | चौथो | 12000 | |
| ३५ | 2041042900672<br>2041042900684 | ३ | Bal Bahadur Tamang | 223037-68 | चौथो | 6384 | |
| ३६ | 2017101701543<br>2017101701748 | ४ | Man Bahadur Darji | 31743920 | चौथो | 7980 | |
| ३७ | 2007060701979<br>2007060701136 | ५ | Ganesh Bahadur Bhujel | 8412160 | चौथो | 12000 | |
| ३८ | 2000122002601<br>2006122000412 | ५ | Prasab Kumari Surel | 913918 | चौथो | 12000 | |
| ३९ | 2052032700097<br>2054112500132 | ५ | Nisha Surel | 22017202782 | चौथो | 11970 | |
| ४० | 2035040102141<br>2035040102026 | ७ | Doma Sherpa | 43186 | चौथो | 7980 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | 2004011508454<br>2004011513843 | ९ | Sangmaya Tamangni | 9078 | चौथो | 12000 |
| कुल जम्मा | | | | | | **453236** |

९८

**बैंक अकाउन्ट एकै भएका लाभग्राहीः**

यस पालिका अन्तर्गतका वडाहरुको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको बैंक अकाउन्ट दोहोरो परेको देखिएको छ। यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्नुपर्ने र बैक अकाउन्ट के कति कारणले दोहोरो परेको हो सोको पुष्ट्राई गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने।

**प्रथम किस्ता**

| क स | वडा | व्यक्तिगत परिचय नं. | बैंक अकाउन्ट | नाम | ना.प्र.न. |
|---|---|---|---|---|---|
| १ | १ | 1991060800231 | 05609698330018 | Dhanamaya Sarki | 1037654 |
| २ | १ | 2006100702542 | 05609698330018 | Ganga Maya Raut | 413914 |
| ३ | १ | 2074100600942 | 05609725640016 | Ashika Sharki | 17035827 |
| ४ | १ | 2076112504756 | 05609725640016 | Isha Mungrati | 68-45 |
| ५ | २ | 1992050400735 | 05609710350011 | Jagamaya Chimariya | 934173 |
| ६ | २ | 1993072000305 | 05609710350011 | Jagat Kumari Karki | 521885 |
| ७ | ३ | 2004040506347 | 05609724890019 | tahal bahadur karki | 487 |
| ८ | ४ | 1998080100625 | 05609724890019 | Anamaya Kamini | 4871816 |
| ९ | ४ | 2008011204261 | 560972609e+012 | Daleki Sherpa | 1151607 |
| १० | ४ | 2008011205425 | 560972609e+012 | Daleki Sherpa | 5421497 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ४ | 2007101501313 | 560972135e+012 | Kamala Maya Tamang | 579-2703 | |
| १२ | ४ | 1990110500718 | 560972135e+012 | Kamala Maya Tamangni | 555-2785 | |
| १३ | ६ | 2005051011325 | 05609759580012 | Chakra Bdr Tamang | 221033-92 | |
| १४ | ६ | 2005082501492 | 05609759580012 | Chakra Bdr Tamang | 2672 | |
| १५ | ७ | 1985060500247 | 05609763680013 | Ambika Devi Shresthe | 205-3162 | |
| १६ | ७ | 2074012201672 | 05609763680013 | Sirjala Baral | | |
| १७ | ७ | 2000020102057 | 05609763690019 | Ashali Kamini | 8636389 | |
| १८ | ८ | 1999120500717 | 05609772700019 | Hari Bahadur Tamang | 220169-000226 | |
| १९ | ८ | 1985042000217 | 05609772700019 | Haribahadur Sherstha | 892346 | |
| २० | ८ | 2010031200857 | 05609775460019 | Bisnumaya Tamang | 8592 | |
| २१ | ८ | 2015062000894 | 05609775460019 | Buddhimaya Tamang, Thami | 22027600446 | |
| २२ | ७ | 2074010803545 | 05609763690019 | Sunil Baral | | |
| २३ | २ | 2017111600435 | 05609717520017 | Bijule Tamang | 22038457 | |
| २४ | २ | 2017111600427 | 05609717520017 | Bijule Tamang | 223038457 | |
| २५ | ६ | 1994021800183 | 05609759510014 | Som Puti Sherpa | 17035827 | |
| २६ | ६ | 1989111000173 | 05609759510014 | Som Puti Sherpa | 68-45 | |
| २७ | ५ | 2069082002166 | 05609752630014 | Sandhaya Surel | | |
| २८ | ५ | 2045050300222 | 05609752630014 | Sapana Shurel | 221032368 | |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | दोहोरो सुविधा अभिलेखः | |

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन। यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन। सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन। आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ।

१००

**सामाजिक सुरक्षा वितरणः**

सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाँउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यबस्था रहेको छ। यस पालिका अन्तर्गतका १-९ वडाहरुले रु.**१०,४६,२०,४४८।००** सामाजिक सुरक्षा भत्ता वितरणमा खर्च गरेको छ।

| **किस्ता** | **वितरण रकम** |
|---|---|
| प्रथम त्रैमासिक | २६४०९८७९।०० |
| दोस्रो त्रैमासिक | २७००४९४५।०० |
| तेस्रो त्रैमासिका | २७२१२६००।०० |
| चौथो त्रैमासिक | २६१६३१२५।०० |
| **बैंक गएको कुल रकम** | **१०६७९०५४९।००** |

कार्यालयले वडा १-९ सम्मको लागि प्रस्तावि अनुमानित बजेटका(एम आई एस प्रणाली) आधारमा कुल सामाजिक सुरक्षा भत्ता वापत रकम रु.१०६७९०५४९।०० हिमालय बैक शाखा कार्यालय गौरीशँकरमा निकासा गरेको छ। बैकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको खातामा दाखिला गरी बाँकी रकमको हिसाब फरफारक गरी पालिकामा बुझाउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म हिसाब फरफारक नगरेकोले पालिकाले निकासा गरेको रकम मध्ये बैंकले सामाजिक सुरक्षा भत्ता वितरण पश्चात बाँकी रहेको रकम पालिकाले एकिन गरी सम्बन्धित कोष फिर्ता गर्नुपर्दछ।